श्रमजीवीको अधिकार सुनिश्चित नभएसम्म देशमा समृद्धि ... | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३३४ • २०८१ साल बैशाख २० गते विहिबार (2 May, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## आगलागीबाट मधेश दुई दर्जनको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा विभिन्न जिल्लामा आगलागी हुँदा करिब दुई दर्जनको मृत्यु भएको छ भने व्यापक रुपमा धनजनको समेत क्षति भएको छ ।

मधेश प्रदेशको महोत्तरी, सिरहा, सप्तरी, सर्लाहीलगायत विभिन्न जिल्लामा गरी साढे ९ महिनामा २० जनाको मृत्यु भएको छ । सो आगलागीका कारण अहिलेसम्म करोडौ रुपैयाँको क्षति भएको छ भने घरबारसहित चौपायासमेत जलेर नष्ट भएको छ ।

सप्तरीको महदेवा गाउँपालिकाको वडा नम्बर १ चिम्टी टोलमा मंगलबार आगलागी हुँदा करिब ५० भन्दा बढी घर जलेर खरानी भएको थियो ।

त्यस्तै महोत्तरीको मटिहानी नगरपालिकाको जरलहवा गाछीमा भएको आगलागीमा १०३ वटा घर जलेर खरानीमा भएको छ । सो बस्तीका ५७० जना आगलागीबाट घरविहीन भएका छन् ।

सो आगलागीबाट १ करोड ६० लाख रुपैयाँ बराबरको क्षति पुगेको महोत्तरीका प्रहरी उपरीक्षक नकुल पोखरेलले बताए ।

त्यस्तै पर्सामा पनि वैशाख ८ गते आगलागी हुँदा ४ वटा घर जलेर खरानी बनेको थियो ।

मधेश प्रदेशका अधिकांश जिल्ला अहिले आगलागीबाट प्रभावित छन् । मधेश प्रदेश प्रहरी कार्यालयले जनाए अनुसार चालु आर्थिक वर्षको करिब १० महिनामा प्रदेशभर १२ सय आगलागीको घटना भएको छ ।

चालु आर्थिक वर्षको साउनदेखि वैशाख १५ गतेसम्ममा प्रदेशका ८ वटै जिल्लामा १ हजार १९९ वटा आगलागीका घटना भएको मधेश प्रदेश प्रहरीको तथ्यांकमा रहेको छ ।

सो आगलागिको घटनाबाट करिब १० महिनामा २० जनाको मृत्यु भएको छ भने सयौं घाइते भएको मधेश प्रदश प्रहरीले जनाएको छ ।

मधेश प्रदेश प्रहरी प्रवक्ता सुभास बोहोराले प्रदेशमा मानवीय क्षतिसँगै २०३ वटा चौपायाको मृत्यु र ११२ वटा घाइते भएको तथ्यांक रहेको छ । आगलागीबाट यस अवधिमा ५६१ वटा पक्की तथा कच्ची घर जलेर नष्ट भएको प्रहरी तथ्यांकमा रहेको छ । त्यस्तै २२७ वटा गोठ जलेर नष्ट भएको तथ्यांकमा उल्लेख छ ।

सिरहामा २१६ वटा र सर्लाहीमा १०४ आगलागिका घटना भएको छ । त्यस्तै सप्तरीमा १७२, धनुषामा १४५, महोत्तरीमा १३०, रौतहटमा १८३, बारामा १२१ र पर्सामा १२८ वटा आगलागीको घटना भएको प्रदेश प्रहरीको

### चोरिएको केही रुपैयाँ भारतमा बरामद
# चार जना पक्राउ, रुपैयाँको गणना हुँदै

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज स्थित नबिल बैंकको बाइपास शाखाबाट गत आइतबार राति चोरी भएको रकमसहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ । बैंकबाट १ करोड ३४ लाख ६५ लाख चोरेर फरार भएकामध्ये चार जना लाई पक्राउ गरिएको छ ।

बैंक चोरी प्रकरण घटनामा संलग्न रहेकामध्ये पर्सा प्रहरीले दुई जना भारतीयसहित चार जनालाई पक्राउ गरेको छ भने सो बैंकबाट चोरी भएकोमध्ये केही रकमसमेत फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

चोरीमा संलग्न रहेको आशंकामा रौतहटबाट दुई जना नेपालीलाई प्रहरीले पक्राउ गरेको छ भने नेपाल-भारत सीमावर्ती क्षेत्रको घोडासहनबाट पनि प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको जनाएको छ । चोरीमा संलग्न समूहका बाँकी एक जना भने अझै फरार छन् भने उनको खोजी भइरहेको जनाइएको छ ।

बैंकमा चोरी गरेको आरोपमा पक्राउ पर्नेमा रौतहटको मौलापुर नगरपालिका- ७ स्थित पथरा बुधरामका संजय जयसवाल र छोटेलाल जयसवाल रहेका छन् भने भारतीय प्रहरीले बिहारको पूर्वी चम्पारण जिल्लाको घोडासहनका मन्टु पासवान र ललन कुमारलाई नियन्त्रणमा लिएको जनाइएको छ ।

संजय र छोटेलाललाई प्रहरीले रौतहटको मौलापुरबाट मंगलबार पक्राउ गरेको थियो । उनीहरु दुवै जना रात्रिबसमा चढेर काठमाण्डु जाँदै गर्दा प्रहरीले बस घेरा हालेर नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । आरोपित ती दुवै जना अहिले पर्सा प्रहरीको हिरासतमा छन् ।

आरोपित मन्टु र ललनलाई भने भारतीय प्रहरीले घोडासहनबाट नियन्त्रणमा लिएको जनाएको छ । उनीहरु




अहिले भारतीय प्रहरीकै हिरासतमा छन् । उनीहरुलाई नेपाल ल्याउने आन्तरिक तयारी थालेको जनाइएको छ । सो घटनामा संलग्न अर्का एक आरोपितको पनि खोजी कार्य भइरहेको स्रोतको भनाइ छ ।

बैंकमा चोरी गर्नुअघि चोरहरुको समूहले गत आइतबार वीरगञ्जको नयाँ बसपार्कस्थित रानीपोखरी होटेलमा छोटेलाल जयसवालको नाममा कोठा बुक गरेर बसेको प्रहरीको अनुसन्धानका क्रममा खुलेको स्रोतको दाबी छ ।

पर्सा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले चोरीको घटनामा संलग्न रहेको आशंकामा अहिलेसम्म दुई जनालाई नियन्त्रणमा लिएको आधिकारिक जानकारी दिए ।

भारतमा पनि एक जना पक्राउ परेको जानकारी भारतीय प्रहरीबाट आए पनि सोको पुष्टि हुन बाँकी रहेको प्रवक्ता थापाले बताए । पक्राउ परेकाहरुमाथि अनुसन्धान थालिएको भन्दै भारतमा पक्राउ परेकालाई ल्याएपछि थप अनुसन्धानबाट कुराहरु खुल्ने उनले बताए । तर अहिलेसम्म पक्राउ परेकाहरु आरोपित चोरलाई भने प्रहरीले सार्वजनिक गर्न मानेनन् ।

गत आइतबार राति नबिल बैंक वीरगञ्ज शाखाबाट चोरी भएको १ करोड ३४ लाख ६५ हजार रुपैयाँमध्ये केही रकम भारतमा फेला पारेको छ । भारतको घोडासहनमा लुकाएर राखिएको अवस्थामा सो रकम भारतीय प्रहरीले फेला पारेको जनाएको छ । चोरी भएको रकम ६ वटा झोलामा राखेको अवस्थामा भेटिए पनि कति रकम भेटिएको छ भन्ने बारे यकिन गर्नका लागि रकम गणना गर्ने काम भइरहेको अनुसन्धानमा खटेका एक प्रहरी अधिकारीले बताए ।

प्रवक्ता थापाले पनि चोरी भएको रकममध्ये केही रकम फेला परेको बताए । उनले चोरी भएको रकममध्ये केही रकम भारतमै भेटिएको खबर पनि आएको पुष्टि गरे । तर सो रकम कति भेटिएको छ भन्ने बारेमा रकमको गणना पछि मात्रै भन्न सकिने उनले भने ।

रकम चोरी भएको नबिल बैंकका शाखा प्रबन्धक विजय पौडेलले बैंकमा रातिको समयमा सुरक्षागार्ड नराखेर आफूहरुबाट चुक भएको बताए । प्रबन्धक पौडेलले नबिल बैंकको कुनै पनि शाखामा मात्र रातिको लागि सुरक्षा गार्ड नरहेको बताउँदै उनले भने, 'वीरगञ्ज बाइपासको शाखाको सवालमा हामी बढी नै कन्फिडेन्ट थियौं, जसकारण रातिमा सेक्युरिटी गार्ड राख्ने आवश्यकता नै भएन । जुन हामीबाट चुक भएकै जस्तो लाग्छ ।'

बाइपास रोडमा रहेको सो बैंकको शाखाबाट गत आइतबार राति पाँच जनाको संख्यामा रहेका चोरहरुले मूल गेटको ताल्चा फोडेर भित्र प्रवेश गरी टिनको बाकसमा रहेको १ सय रुपैयाँको नोट र २० रुपैयाँको नोट गरी १ करोड ३४ लाख ६५ हजार रुपैयाँ बोरामा हालेर लगेको बैंकको सिसिटिभीको फुटेजमा देखिएको थियो ।

बैंकको भल्टभित्र रहेको फलामे सेफमा पनि ५ करोड रुपैयाँभन्दा बढी नै रकम राखिएको थियो । तर चोरहरुले टिनको बाकसमा रहेको रकममात्रै चोरेर लगेको र सेफमा रहेको रकम सेफमै सुरक्षित रहेको छ । चोरले रकम चोरेर लगेपछि उनीहरुले सो बैंकको मूल गेटमा नयाँ ताल्चा लगाएका थिए ।







# प्रदेशस्तरीय शहीद कप टी-२० सुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । बिहीबार देखि अन्तर्प्रदेशस्तरीय शहीद कप २०८१ टी-२० क्रिकेट प्रतियोगिता जनकपुरधाममा हुने भएको छ।

जनकपुरधाम बुधबार पत्रकार सम्मेलनका आयोजना गरी निर्माणाधीन रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशालामा बिहीबारदेखि हुने प्रतियोगितामा सात प्रदेशका अतिरिक्त एक वटा आयोजक टिम गरेर ८ टिमको सहभागिता रहने जनाएको छ।

> त्यस्तै वैशाख २७ गते बिहीबार दुई वटा सेमिफाइनल र २८ गते फाइनल खेल साढे १२ बजेदेखि हुनेछ ।

म धे श प्रदेश सरकारको आयोजनामा शहीदहरूको सम्मानका लागि हुन लागेको प्रतियोगिता वैशाख २० गतेदेखि २८ गतेसम्म चल्ने छ। सो शहीद कपको उद्घाटन खेलमा मधेश प्रदेश र कोशी प्रदेशबीच प्रतिस्पर्धा हुने र उद्घाटन खेल हुने आयोजकले जनाएको छ।

त्यस्तै दोस्रो खेल मधेश र गण्डकी प्रदेशबीच वैशाख २१ गते शुक्रबार बिहान साढे ८ बजेदेखि र दिउँसो १ बजेदेखि कर्णाली प्रदेश र कोशी प्रदेशबीच हुने छ।

यसैगरी वैशाख २२ गते शनिबार बिहान साढे ८ बजेदेखि मधेश र कर्णाली, दिउँसो १:०० बजेदेखि गण्डकी र कोशीबीच, वैशाख २३ गते आइतबार बिहान साढे ८ बजेदेखि कर्णाली र गण्डकी बीच खेल हुनेछ भने दिउँसो १:०० बजे बाग्मती र लुम्बिनी प्रदेशबीच खेल हुने छ। वैशाख २४ गते सोमबार बिहान साढे ८ बजे सुदूरपश्चिम र लुम्बिनीबीच खेल हुनेछ भने जनकपुरधाम ११ र बाग्मती प्रदेशबीच दिउँसो १ बजे खेल हुने छ। २५ गते मंगलबार सुदूरपश्चिम र बाग्मती प्रदेशबीच बिहान साढे ८ बजे र दिउँसो १ बजे लुम्बिनी र जनकपुरधाम ११ बीच दिउँसो १:०० बजेदेखि खेल हुनेछ।

वैशाख २६ गते बुधबार विहान साढे ८ बजे जनकपुरधाम ११ र सुदूरपश्चिम प्रदेशबीच खेल हुनेछ।

त्यस्तै वैशाख २७ गते बिहीबार दुई वटा सेमिफाइनल र २८ गते फाइनल खेल साढे १२ बजेदेखि हुनेछ।

सो प्रतियोगितामा विजयी हुने टिमलाई २ लाख ११ रुपैयाँ नगद, कप, पदक तथा प्रमाणपत्र र उपविजेता टिमलाई १ लाख ११ हजार रुपैयाँ नगद, कप, पदक तथा प्रमाणपत्र प्रदान गरिने जनाएको छ।

# धर्म संस्थाका नवनिर्वाचित पदाधिकारीसहितकाले लिए शपथ

**टुडे समाचारदाता**

जनकपुरधाम। धर्म संस्था जनकपुरधामको नवनिर्वाचित पदाधिकारीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराइएको छ।

जनकपुरधाममा बुधबार धर्म संस्थाले पद तथा गोपनीयताको शपथ समारोह गरी नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई शपथ ग्रहण गराएका छन्।

सो संस्थाको सभापति ताराचन्द्र प्रसाद साह र उपसभापति प्रभकार प्रसाद साहको अध्यक्षतामा भएको एक कार्यक्रमका बीच नवनिर्वाचित पदाधिकारी र सदस्यहरुले शपथ लिए।

सो कार्यक्रममा



नवनिर्वाचित सचिवद्वय रामपल्टन साह, कोषाध्यक्ष दिवाकर प्रसाद साहलाई राजर्षि जनक विश्वविद्यालयका उपकुलपति अमर यादवले शपथ ग्रहण गराएका छन्। भने सदस्यहरु हरी राउत, ध्रुव नारायण साह, श्रीप्रसाद यादव, शंकर प्रसाद साह, रामपृत साह र रितेश्वर यादवलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन्।

जनकपुरधामउपमहानगरपालिकाका उपमेयर किशोरी साह, पेट्रोलियम एसोसिएसन जनकपुरका अध्यक्ष किसुन देव साहलगायतको सहभागिता रहेको थियो।

धर्म संस्थाका सभापति रहेका रामचन्द्र साहको निधन भएपछि गुठियारहरुमध्येका बरिष्ठ सदस्य ताराचन्द्रलाई सभापतिमा चयन गरिएको छ।

जनकपुरधामको विकास महत्वपूर्ण भूमिका निर्वाह गरेका रामस्वरुप साह र रामसागर साहले सो संस्थाको स्थापना गरेका थिए।

# अध्यक्ष यादव र अध्यक्ष डेनिस बीच भेट वार्ता



**टुडे समाचारदाता**

काठमाण्डु । संयुक्त राष्ट्रसंघको जनसंख्या तथा विकास आयोगको ५७ औं सत्रमा सहभागी हुन अमेरिकामा पुगेका उपप्रधान एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादव र संयुक्त राष्ट्रसंघको ७८औं महासभाका अध्यक्ष डेनिस फ्रान्सिसबीच संयुक्त राष्ट्रसंघको मुख्यालय, न्यूयोर्कमा द्विपक्षीय भेटवार्ता भएको छ।

सो भेटवार्ताको क्रममा जलवायु परिवर्तन र नेपालजस्ता अतिकम विकसित मुलुकहरुले भोग्नु परिरहेको समस्या र यसको असरका बारेमा चर्चा गर्दै दीगो पर्यटन विकास, अन्तर्राष्ट्रिय सहयोग तथा बहुपक्षीयताको महत्व लगायतका विषयहरूमा छलफल भएको जनाएको छ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्षसमेत रहेका मन्त्री यादवले सबल र प्रभावकारी संयुक्त राष्ट्र संघका लागि महासभाका अध्यक्षले अगाडि बढाएका प्राथमिकताहरु जस्तै, शान्ति, समृद्धि, प्रगति र दिगोपनाको कार्यान्वयन महत्वपूर्ण रहने बताउँदै यसमा नेपालको पूर्ण सहयोग रहने भन्दै प्रतिवद्धता व्यक्त गरे।

महासभाका अध्यक्षले नेपालले स्वास्थ्यका क्षेत्रमा, खासगरी आमा सुरक्षा, प्रजनन् स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार गर्नुका साथै आइसीपिडि प्रोग्राम तथा एक्सनको कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेलेकोमा प्रशंसा गर्दै नेपालको दीगो विकासका लक्ष्य प्राप्तिका लागि तथा जलवायु परिवर्तनको असरको न्यूनीकरणका लागि संयुक्त राष्ट्र संघको थप सहयोग रहने बताए।

नेपाललगायत डेनमार्क, आइरल्याण्ड, स्वीडेन, कोलम्बिया र संयुक्त अधिराज्यले संयुक्त राष्ट्रसंघको मुख्यालयमा संयुक्त रूपमा आयोजना गरेको एक कार्यक्रमलाई सम्बोधन गर्दै उपप्रधान एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री यादवले नेपालले स्वास्थ्य क्षेत्रको विस्तार तथा महिलाहरूको प्रजनन् एवम् स्वास्थ्य अधिकारका क्षेत्रमा गरेका प्रगतिहरूको बारेमा जानकारी गराउँदै उक्त विषयहरुको पूर्ण कार्यान्यवनका लागि राष्ट्रहरुबीच विश्वास, सद्भाव, ऐक्यवद्धता र सहयोग आदान-प्रदान महत्वपूर्ण रहने बताए।

उल्लिखित भेटघाट तथा कार्यक्रममा संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापा सहित नेपाल सरकारका उच्चपदस्थ कर्मचारीहरु उपस्थित रहेका थिए।

# पुरुषको शव भेटियो

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एक पुरुषको शव फेला परेको छ। जिल्लाको गणेशमान चारनाथ नगरपालिका- ५ स्थित चिसापानीका अन्दाजी ४५ वर्षीय भोगेन्द्र बहादुर फुल्चनका शव भेटिएको धनुषाका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक रञ्जन अवालेले जानकारी दिए।

केहीबेर अघि शव फेला परेको र घटनास्थलबाटै अनुसन्धान थालिएको उनले बताए।

# अन्तर्राष्ट्रिय श्रमिक दिवसमा पूर्वराष्ट्रपति भण्डारीको शुभकामना

काठमाण्डु। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली श्रमजीवी दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।

उहाँले श्रमका विविध क्षेत्रमा आफ्नो श्रम र सीप लगानी गरी राष्ट्रको समृद्धिमा योगदान गर्ने सम्पूर्ण श्रमिकहरूप्रति सम्मान प्रकट गर्दै।

# हरवाचरवालगायत कृषि मजदुरका समस्या समाधानका लागि आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । दासप्रथाको अवशेषका रूपमा रहेका हरवाचरवालगायत प्रथा अन्त्य र कृषि मजदुरका समस्या समाधानका लागि यस क्षेत्रमा क्रियाशील संस्थाहरूले सरकारसँग आग्रह गरेका छन्।

अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा बुधबार संयुक्त प्रेस विज्ञप्ति जारी गरी राष्ट्रिय हरवाचरवा अधिकार मञ्च र राष्ट्रिय दलित नेटवर्क नेपाल (आरडिएन) ले सबैप्रकारका श्रम शोषणको अन्त्य गर्दै मुक्त हरवाचरवा, कम्लहरी, हलिया तथा कमैयाको पूर्ण पुनर्स्थापना लागि सङ्कल्प गर्न सरकारलाई आग्रह गरेका हुन्। "नेपालको संविधानको धारा २४ (छुवाछूतविरुद्धको हक), २९ (शोषणविरुद्धको हक) र ४० (दलित हक) विपरीत अहिले पनि पश्चिम नेपालका मुक्त कमैया, कम्लहरी तथा हलियाहरूको पुनर्स्थापनाका काम अझै पूरा हुनसकेका छैनन। त्यसैले सरकारले गठन गरेको मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवा अध्ययन समितिको प्रतिवेदन कार्यान्वयन गर्न र पुनर्स्थापनासम्बन्धी कार्यविधि पारित गरी तत्काल पुनर्स्थापनाका बाँकी काम अगाडि बढाउन आग्रह गर्दछौं", विज्ञप्तिमा उल्लेख छ।

त्यस्तै, मधेश प्रदेशका आठ जिल्लामा विद्यमान हरवाचरवा प्रथा मुक्तिको घोषणा गरिए पनि पुनर्स्थापनाका लागि प्रारम्भिक कामसमेत अगाडि बढ्न नसकेकामा सरोकारवालाहरूको ध्यानाकर्षण गराइएको छ।

"कृषि तथा सेवालगायत श्रमका विभिन्न क्षेत्रमा श्रम र सीप लगानी गरी मधेश प्रदेशको समृद्धिमा योगदान गरिरहेका एक लाखभन्दा बढी हरवाचरवा परिवारको तथ्याङ्क सङ्कलन, प्रमाणीकरण तथा वैज्ञानिक वर्गीकरणसहित पुनर्स्थापनाका कामअघि बढाउन माग गर्दछौं। कृषि मजदुरको अवस्था बदल्नका लागि मर्यादित श्रम, उचित पारिश्रमिक एवं सामाजिक सुरक्षालगायतका श्रमिक अधिकारलाई सुनिश्चित गर्नेतर्फ अग्रसर हुन श्रमिक दिवसले सबैलाई प्रेरणा प्रदान गरोस्", अधिकार मञ्चका अध्यक्ष दशनलाल मण्डल र आरडिएनका अध्यक्ष मोहन ओडद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ।

# श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि गर्न पहल गर्छु : प्रधानमन्त्री दाहाल

**काठमाण्डु** । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धिका लागि पहल गर्ने बताउनुभएको छ। एक सय ३५औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्रद्वारा आज यहाँ आयोजित कार्यक्रममलाई सम्बोधन गर्दै उहाँले आगामी दिनमा श्रमिक र मजदुरको हितलाई केन्द्रमा पारिश्रमिक बढाउन आफू लागिपर्ने बताउनुभयो।

"मेरो नेतृत्वको सरकारले अर्थतन्त्रले चुनौतीपूर्ण परिस्थितिको सामना गरिरहेको परिप्रेक्ष्यमा समेत मजदुर एवं श्रमजीवी वर्गको हितलाई केन्द्रमा राखी श्रमिकको न्यूनतम पारिश्रमिक बढाएको थियो," प्रधानमन्त्री दाहालले भन्नुभयो, "भविष्यमा न्यूनतम पारिश्रमिक वृद्धिका निम्ति निरन्तर पहल गरिने विश्वास दिलाउँछु। साथै रोजगारदाता संस्थाहरूसमेत श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धिका निम्ति लचिलो रूपमा प्रस्तुत हुने विश्वास व्यक्त गर्दछु।"

प्रधानमन्त्री दाहालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मर्मअनुरूप सामाजिक सुरक्षालाई सङ्घ वा प्रदेशको मात्र नभई स्थानीय तहको समेत दायित्वका रुपमा लिँदै कानुनी आधार तयार गर्न लागिएको जानकारी दिनुभयो। स्थानीय तहमा रहेका अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमार्फत सामाजिक सुरक्षाको दायरामा ल्याउन सक्नेगरी कानुनी आधार तयार गरेको उहाँले बताउनुभयो।

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको अनिवार्य कार्यान्वयन र सफलतामा सरकारले आफ्नो सफलता देखेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सम्पूर्ण नेपाली नागरिकको 'कोखदेखि शोकसम्म'को सामाजिक सुरक्षा प्रदायक संस्थाका रूपमा समाजिक सुरक्षा कोषलाई विकास गराइने बताउनुभयो। उहाँले सामाजिक सुरक्षा कार्यक्रमलाई सबै नागरिकसम्म पुऱ्याउन सरकारका तर्फबाट गर्नुपर्ने समन्वय तथा सहयोगमा कुनै कमी नहुने विश्वास दिलाउनुभयो।

"सीमित साधनस्रोत र असीमित आकाङ्क्षाका बीच सन्तुलन कायम गर्दै श्रमिकमैत्री नीति, कानुन र कार्यक्रमका निम्ति सरकार सधै सकारात्मक रुपमा प्रस्तुत हुनेछ," प्रधानमन्त्री दाहालले भन्नुभयो, "मुख्यतः विदेशमा रहेका नेपालीको स्वाभिमान र हितरक्षा, नीति निर्माणमा श्रमजीवी वर्गको सम्मानजनक प्रतिनिधित्व, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, श्रमको सम्मान र श्रम संस्कृतिको विकासमा सरकारले प्राथमिकताका साथ काम गर्नेछ।"

देश आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट निर्माणको सङ्घारमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसपटकको नीति तथा कार्यक्रम र बजेटमा उत्पादकत्व वृद्धि र रोजगारी सृजनालाई उच्च प्राथमिकताका साथ अगाडि बढाउने गृहकार्यमा सरकार जुटिरहेको छ।"

सत्ता साझेदार दलहरूको तर्फबाट प्रस्तुत साझा न्यूनतम कार्यक्रममा उल्लिखित 'निरासा चिर्दै, भरोसा जगाउँदै' मूलमन्त्रलाई व्यावहारिक रूपमा सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राष्ट्रिय अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान गर्नाका साथै यसले बेरोजगारी न्यूनीकरण र रोजगारी अभिवृद्धिका निम्ति गुणात्मक योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

# रोकिराखेको ट्रिपरमा मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको नकटाझिजमा रोकिराखेको ट्रिपरमा मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु भएको छ। मङ्गलबार राती २ बजे मिथिला नगरपालिका-२, नकटाझिजस्थित ढल्केबर-जनकपुरधाम सडक मार्गमा बिग्रिएर रोकिराखेको ट्रिपरमा पछाडिबाटमोटरसाइकलठोक्किएको छ।

जनकपुरधामबाट ढल्केबरतर्फ आउँदै गरेको प्रदेश २-०१-००१ क ०१६० नम्बरको मोटरसाइकल सोही दिशातर्फ बिग्रिएर रोकिराखेको मधेश प्रदेश ०१-००४ प ७५०० नम्बरको ट्रिपरमा ठोक्किएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

ठक्करबाट नाम ठेगाना खुल्न नसकेको मोटरसाइकल चालकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता रञ्जन अवाले जानकारी दिए। ठक्करमा परेर गम्भीर घाइते भएको मोटरसाइकल चालकलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पुऱ्याएपछि चिकित्सकले मृत घोषणा गरेको उनको भनाइ छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : सुख समृद्धि हुने। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : अवसर प्राप्त। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : नयाँ कार्य हुने। |
| वृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : पारिवाहिक सुख। |
| मीन | : धन वृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# लगानी सम्मेलनले जगाएको आशा

**काठमाण्डु ।** यसपटकको लगानी सम्मेलनमा लगानीकर्ताको उत्साहजनक सहभागिताले नेपालमा लगानीको उचित वातावरण बनेको सन्देश दिएको छ । सोमबार राजधानीमा सम्पन्न तेस्रो लगानी सम्मेलनले वैदेशिक लगानी प्रवर्द्धनमा सकारात्मक सन्देश दिएको सरकारको बुझाइ छ । आठ सयभन्दा बढी विदेशी प्रतिनिधिसहित दुई हजार पाँच सयभन्दा धेरैको सहभागिताका साथ समापन भएको सम्मेलनमा महत्वपूर्ण प्रतिबद्धता प्राप्त भएको लगानी बोर्डले जनाएको छ ।




मुलुकको समृद्धिका लागि वैदेशिक लगानी महत्वपूर्ण पक्ष रहको हुन्छ । सरकार तथा निजी क्षेत्रसँग भएको पूँजीमात्रै विकास र समृद्धिमा लगाउन पर्याप्त नहुने हुँदा मुलुकको दिगो विकास र समृद्धिका लागि वैदेशिक लगानी आवश्यक पर्दछ । देशको आर्थिक र सामाजिक रुपान्तरणमा वैदेशिक लगानी अपरिहार्य हुने हुँदा सरकारले सहजीकरणका विभिन्न उपाय अवलम्बन गरेर त्यस्ता लगानी भित्र्याउन हरसम्भव प्रयास गरिरहेको हुन्छ ।

मुलुकमा पूर्वाधार विकासका साथै अन्य क्षेत्रमा सरकारले पर्याप्त लगानी गर्न नसक्नु र निजी क्षेत्र यथास्थितिमा विकास आयोजनामा लगानी गर्न नरुचाउने हुँदा विभिन्न सुविधा र सहुलियत दिएर सरकारले लगानीको अनुकूल वातावरण बनाएको हुन्छ । यसले मुलुकमा लगानी मात्र नभई प्रविधि, दक्ष जनशक्ति, सीप र ज्ञान तथा व्यवस्थापकीय क्षमता र व्यावसायिक संस्कारसमेत भित्रन्छ ।

नेपालले आर्थिक उदारीकरणको नीति अवलम्बन गरेपछि वैदेशिक लगानी आकर्षित गर्ने विषयमा सरकारले ध्यान दिन थालेको देखिन्छ । त्यसै बखतबाट नेपालमा विदेशी लगानीका बैङ्कहरु खुल्न थाले र विस्तारै आर्थिक गतिविधिमा त्यसको सकारात्मक प्रभाव परेको जानकारहरु बताउँछन् । आर्थिक उदारीकरणको नीतिले वैदेशिक लगानीको वातावरण बने तापनि सोचेअनुरुप गुणात्मक परिणाम भने अझै देखिन सकेको छैन ।

मुलुकमा वैदेशिक लगानी भित्र्याउन नीतिगत व्यवस्था सुरुआतको इतिहास चार दशक लामो भए तापनि वास्तविक रूपले लगानी भित्रिएको रकमको परिमाणका दृष्टिले वैदेशिक लगानीको अवस्था सोचेअनुरुप हुन सकेको छैन । लगानीको प्रतिबद्धता न्यून हुने र प्रतिबद्धता भएकामध्ये थोरैमा मात्रै प्रत्याभूत हुने अवस्थाले वैदेशिक लगानीमा सुधार भएको मान्ने आधार देखिँदैन ।

नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको नेपालमा वैदेशिक लगानीसम्बन्धी सर्वेक्षणअनुसार सन् १९९५/९६ देखि २०२१/२२ को अवधिमा रु चार खर्ब ११ अर्ब बराबरको वैदेशिक लगानीको प्रतिबद्धता आएपनि जम्मा रु एक खर्ब ४८ अर्ब बराबर मात्रै लगानी भित्रिएको देखिन्छ ।

**पछिल्लो ३० वर्षको वैदेशिक लगानीको अवस्था**

उद्योग विभागको तथ्याङ्कअनुसार पछिल्लो ३० वर्षमा चार खर्ब ५० अर्बभन्दा धेरैको लगानी प्रतिबद्धता आएको देखिन्छ । विसं २०५० सालयता उक्त मात्रामा लगानी प्रतिबद्धता आएको हो । विदेशी लगानीसम्बन्धी प्रतिवेदनकाअनुसार आर्थिक वर्ष २०५०/५१ मा ३८ परियोजनाका लागि रु एक अर्ब ३७ करोड ८७ लाखबराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको थियो । यसमा करिब चार हजार सात सयभन्दा बढीको रोजगारी सृजना गर्ने प्रतिबद्धता थियो । त्यस्तै, आव २०५१/५२ मा १९ परियोजनाका लागि रु ४७ करोड ७५ लाख बराबरको प्रतिबद्धता आएको र यसले दुई हजार तीन सय हाराहारीमा रोजगारी सृजना गर्ने प्रतिबद्धता थियो । आव २०५२/५३ मा ४७ आयोजनाको लागि रु दुई अर्ब २१ करोड ९८ लाख, आव २०५३/५४ मा ७७ परियोजनाका लागि रु दुई अर्ब ३९ करोड ५५ लाख, आव २०५४/५५ मा कुल ७७ परियोजनामा रु दुई अर्ब, आव २०५५/५६ मा ५० परियोजनाका लागि रु एक अर्ब ६६ करोड ६४ लाखको लगानी स्वीकृत भएको विवरणमा उल्लेख छ ।

त्यस्तै, आव २०५६/५७ मा ७१ परियोजनाका लागि रु एक अर्ब ४१ करोड ७६ लाख, आव २०५७/५८ मा ९६ आयोजनाका लागि रु तीन अर्ब २५ लाख, आव २०५८/५९ मा ७७ आयोजनाका लागि रु एक अर्ब २० करोड ९६ लाख तथा आव २०५९/६० मा ७४ परियोजनाका लागि रु एक अर्ब ७९ करोड ३७ लाख बराबरको वैदेशिक लगानीको प्रतिबद्धता आएको थियो । यसरी हेर्दा २०५० देखि २०६० सम्म वैदेशिक लगानीसँगै करिब ५० हजारको रोजगारीको प्रतिबद्धता रहेको सार्वजनिक विवरणमा उल्लेख छ ।

तथ्याङ्कअनुसार आव २०६०/६१ मा कूल ७८ परियोजनाका लागि रु दुई अर्ब ७६ करोड ४८ लाख बराबरको वैदेशिक लगानी भित्रिएको देखिन्छ । त्यस्तै, आव २०६१/६२ मा कूल ६३ परियोजनाका लागि रु एक अर्ब ६३ करोड ५७ लाख, आव २०६२/६३ मा कूल एक सय १६ परियोजनाका लागि रु दुई अर्ब ६० करोड ६३ लाख, आव २०६३/६४ मा कूल एक सय ८८ परियोजनाका लागि रु तीन अर्ब १८ करोड ५९ लाखको प्रतिबद्धता आएको देखिन्छ ।

त्यस्तै, आव २०६४/६५ मा कूल दुई सय १३ परियोजनाका लागि रु नौ अर्ब ८१ करोड २६ लाख, आव २०६५/६६ मा दुई सय ३१ आयोजनाका लागि रु छ अर्ब २५ करोड ५० लाख, आव २०६६/६७ मा एक सय ७१ परियोजनाका लागि रु नौ अर्ब १० करोड, आव २०६७/६८ मा कूल दुई सय १० परियोजनाका लागि रु १० अर्ब पाँच करोड ३२ लाख, आव २०६८/६९ मा कूल दुई सय २६ परियोजनाका लागि रु सात अर्ब १३ करोड ८३ लाख तथा आव २०६९/७० मा कूल तीन सय १७ परियोजनाका लागि रु १९ अर्ब ८१ करोड ८७ लाख बराबरको वैदेशिक लगानीको प्रतिबद्धता आएको थियो ।

विभागका अनुसार पछिल्लो दशकमा वैदेशिक लगानीको प्रतिबद्धता ठूलो परिमाणमा आउन थालेको देखिन्छ जसमा आव २०७०/७१ मा कूल तीन सय सात परियोजनाका लागि रु २० अर्ब १३ करोड २४ लाख र आव २०७१/७२ मा तीन सय ७० परियोजनाका लागि रु ६७ अर्ब ४५ करोड ५० लाख बराबरको प्रतिबद्धता आएको थियो । त्यस्तै, आव २०७२/७३ मा कूल तीन सय ४८ परियोजनाका लागि रु १५ अर्ब २५ करोड ४३ लाख प्रतिबद्धता आएको, आव २०७३/७४ मा चार सय आयोजनाका लागि रु १५ अर्ब २० करोड ६४ लाख, आव २०७४/७५ मा कूल चार सय परियोजनाका लागि रु ५५ अर्ब ७६ करोड, आव २०७५/७६ मा कूल तीन सय ४५ परियोजनाका लागि रु २५ अर्ब ४८ करोड ४४ लाख, आव २०७६/७७ मा दुई सय २३ आयोजनाका लागि रु ३७ अर्ब ८० करोड ५८ लाखको प्रतिबद्धता आएको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, विभागले सार्वजनिक गरेको औद्योगिक तथ्याङ्कअनुसार आव २०७७/७८ मा एक सय ८५ परियोजनाका लागि रु ३२ अर्ब १७ करोड २८ लाख, आव २०७८/७९ मा जम्मा दुई सय ९५ आयोजनाका लागि रु ५४ अर्ब १५ करोड ८९ लाख र आव २०७९/८० मा तीन सय २७ आयोजनाका लागि रु ३३ अर्ब १४ करोड विदेशी लगानीको प्रतिबद्धता आएका देखिन्छ ।

प्रतिबद्धताअनुसार आउँदैन लगानी

नेपालमा लगानीको वातावरण बनाउने र यो क्षेत्रमा सरकारले प्राथमिकताका साथ आवाज उठाएता पनि प्रतिबद्धता अनुसारको लगानी भने भित्रिएको देखिँदैन । नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको सर्वेक्षण प्रतिवेदनअनुसार सन् १९९५/९६ देखि सन् २०२१/२२ सम्म नेपालमा प्रतिबद्धता आएकोमध्ये ३६ दशमलव दुई प्रतिशत मात्रै प्रत्यक्ष वैदेशिक लगानी आएको उल्लेख छ ।

उद्योग विभागको सार्वजनिक तथ्याङ्कअनुसार आव २०७०/७१ मा करिब रु २० अर्ब १३ करोड बराबरको लगानीको प्रतिबद्धता आएकामा जम्मा तीन अर्ब १९ करोड बराबरको मात्रै लगानी भित्रिएको थियो । जुन प्रतिबद्धताको आधारमा जम्मा १५ दशमलव नौ प्रतिशत मात्रै हुन आउँछ । त्यस्तै, आव २०७१/७२ मा रु ६७ अर्ब ४५ करोड बराबरको लगानीको प्रतिबद्धता आएकामा जम्मा छ दशमलव पाँच प्रतिशत अर्थात् चार अर्ब ३८ करोड बराबरको लगानी भित्रिएको थियो ।

त्यस्तै आव २०७२/७३ मा लगानीको प्रतिबद्धताअनुसार जम्मा ३८ प्रतिशतले हुने पाँच अर्ब ९२ करोड लगानी भित्रिएको थियो भने २०७३/७४ मा ८८ प्रतिशत अर्थात् रु १३ अर्ब ५० करोड, आव २०७४/७५ मा ३१ प्रतिशत अर्थात रु १७ अर्ब ५० करोड, आव २०७५/७६ मा ५१ प्रतिशतले हुने रु १३ अर्ब छ करोड, आव २०७६/७७ मा ५१ प्रतिशत अर्थात १९ अर्ब ४७ करोड, आव २०७७/७८ मा ६० प्रतिशत अर्थात् १९ अर्ब ५१ करोड बराबरको लगानी भित्रिएको थियो । सार्वजनिक विवरणानुसार आव २०७८/७९ मा कूल प्रतिबद्धताको ३४ दशमलव तीन प्रतिशत मात्रै यस्तो लगानी भित्रिएको थियो ।

लगानी सम्मेलनले सकारात्मक वातावरण बन्यो

सरकारले निजी क्षेत्रको सहयोगमा समापन भएको तेस्रो लगानी सम्मेलनमा सहभागीहरुले नेपालमा लगानीको प्रचुर सम्भावना रहेको र त्यसलाई सरकारले सकारात्मक वातावरण बनाएको बताएका छन् । नीतिगत सुधारदेखि लगानीकर्तालाई सहुलियत दिएरै भए पनि लगानीको वातावरण बनाउन सरकार लागेको उनीहरुको बुझाइ छ ।

सम्मेलनमा लगानीको अवसर खोजिरहेका स्वदेशी तथा विदेशी सहभागी तथा लगानीकर्तालाई नेपालमा ढुक्क भएर लगानी गर्न र आफ्नो लगानीको प्रतिफलको चिन्ता नगर्न सरोकारवाला निकाय तथा विभिन्न क्षेत्रका अधिकारीहरुले अपिल गर्नुभएको थियो ।

अर्थमन्त्री वर्षमान पुनले अध्यादेशमार्फत कानुन संशोधनलाई लगानी वातावरण सुधारप्रतिको सरकारको प्रतिबद्धताको प्रमाणका रुपमा बुझ्नुपर्ने बताउहुँदै निजी क्षेत्रसँग पर्याप्त छलफल भएको र निजी क्षेत्रको सुझावका आधारमै कानुन संशोधन प्रक्रिया अघि बढाइएको उहाँको भनाइ थियो । त्यस्तै, पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले नेपालको विकास तथा समृद्धिका लागि आन्तरिक स्रोत मात्र पर्याप्त नभएका कारण प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनुपर्ने भएकाले क्षेत्रगत प्राथमिकता निर्धारण गरी सोही अनुसारको वातावरण बनाउन लाग्नुपर्ने बताउनुभयो ।

सम्मेलनले लगानीको वातावरणका बारेमा जानकारी दिने तर प्रतिबद्धताअनुसारको लगानी भित्र्याउन भने अझै मिहेनत गर्नुपर्ने डा युवराज खतिवडाको भनाइ छ । लगानी भित्र्याउन सबै राजनीतिक दल एकै ठाउँमा छौं, हाम्रा नीति र कानुन लगानीमैत्री छन् भन्ने सन्देश सम्मेलनले दिने पूर्वअर्थमन्त्री डा युवराज खतिवडा बताउनुहुन्छ । उल्लेखनीय विदेशी लगानीकर्तासहित दुई हजारभन्दा बढीको सहभागितामा सम्पन्न सम्मेलनले सरकार लगानीमैत्री वातावरण बनाउन तत्पर रहेको र निजी क्षेत्रमा रहेको निरासा चिर्दै सरकारले गरेको सुधारको कामले लगानीको माहोल बनाउने डा खतिवडाको भनाइ छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले यस पटकको लगानी सम्मेलनमा निजी क्षेत्र आयोजकको रुपमै रहनु सकारात्मक रहेको प्रतिक्रिया दिनुभयो । विद्यमान कानुनी प्रावधानले आन्तरिक तथा बाह्य लगानी भित्र्याउन नसकिने भनी निजी क्षेत्रले दिएको सुझावलाई सरकारले मनन गरेको भन्दै यसले लगानीको वातावरण बन्न सहयोग पुग्ने उहाँको भनाइ छ । सरकार आन्तरिक र वैदेशिक लगानी भित्र्याउन संवेदनशील रहेको र लगानीमैत्री वातावरण बनाउन लागिपरेको अनुभव निजी क्षेत्रले गरेको अध्यक्ष ढकालको भनाइ छ ।

महासङ्घका पूर्वअध्यक्ष भवानी राणाले निजी क्षेत्रले लगानीमैत्री वातावरण बनाउन सुझाएका कानुनी सुधारका काममा सरकारले कदम चालेको र यसले राम्रो सन्देश दिएको बताउनुहुन्छ । कोरोनापछिको समयमा आर्थिक पक्षमा केही चुनौती देखिए तापनि यसलाई सामना गर्न सरकारले लगानीको अवसर सृजना गर्न आयोजना गरेको यो सम्मेलन लगानीको क्षेत्रमा महत्वपूर्ण अवसर रहेको उहाँको भनाइ छ ।

लगानीसम्बन्धी विद्यमान कानुन र पछिल्लो संशोधन

नेपालमा लगानीलाई सहजीकरण गर्न विभिन्न कानुनी प्रबन्ध छ । मुलुकको लगानीसँग सम्बन्धित विद्यमान कानुनहरूमा वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, आयकर ऐन २०५८, कम्पनी ऐन २०६३, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन २०७५, वातावरण संरक्षण ऐन २०७६, औद्योगिक उद्यम ऐन २०७६, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण नियमावली २०७७ तथा लगानी उद्यम नियमावली २०७८ प्रमुख हुन् ।

यी कानुनहरुमा समयानुकूल परिमार्जन आवश्यक छ भन्दै निजी क्षेत्र र सरोकारवालाहरुले उठाएका आवाजलाई सरकारले मनन गर्दै केही कानुनलाई संशोधन गरेको छ । पछिल्लो समय सरकारले नेपालमा लगानी प्रवर्द्धनका थप सुविधा होस् भन्ने उद्देश्यले लगानी सम्मेलनकै दिन लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन अध्यादेश, २०८१ जारी गरेर लगानीकर्तालाई विश्वासमा लिन खोजेको देखिन्छ ।

सरकारले नीतिगत सुधार गरेरै लगानीको वातावरण बनाउने कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी बताउनुहुन्छ । लगानी अनुकूल कानुन बन्नुपर्ने माग उठेका बेला त्यसलाई सम्बोधन गर्न अध्यादेशमार्फत केही केही कानुन बनेकाले लगानीकर्तामा उत्साह थपेको र सरकार लगानीमैत्री वातावरण बनाउन नीतिगत व्यवस्था गर्दै व्यवसाय अनुकूल वातावरण बनाउन प्रतिबद्ध रहेको मन्त्री गिरीको भनाइ छ ।

सरकारले अध्यादेशमार्फत जग्गा प्राप्ति ऐन २०३४, भूमिसम्बन्धी ऐन २०२१, विशेष आर्थिक क्षेत्र ऐन २०७३, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन २०७५, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, वन ऐन २०७६ र औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गरेको छ ।

तेस्रो लगानी सम्मेलनमा व्यवसायी, उद्यमी र लगानीकर्ताबाट मुख्यतः ऊर्जा, सूचना प्रविधि, पर्यटन र पूर्वाधारजस्ता क्षेत्रहरूमा प्राथमिकता र सम्भावित परियोजना प्रदर्शन गरेर नेपाललाई आकर्षक लगानी गन्तव्यका रूपमा प्रस्तुत गरिएको थियो । आशयपत्र माग गरिएका १९ र मार्केट साउन्डका नौ परियोजनासहित कूल एक सय ५४ परियोजना प्रस्तुत गरिएको सम्मेलनले लगानीको वातावरण बन्नेमा उत्साह थपेको लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टको भनाइ छ ।

समयसमयमा गरिने यस्ता सम्मेलन र नीतिगत तथा कानुनी सुधारले प्रतिबद्धता अनुसारको लगानी भित्रिन मद्दत गर्ने र यसले सामाजिक तथा आर्थिक रुपान्तरणमा गुणात्मक सहयोग पुग्ने हुन्छ । मुख्यतयाः कृषि, उद्योग, पर्यटन, ऊर्जाजस्ता क्षेत्रलाई प्रवर्द्धन गर्दै उत्पादन र रोजगार विस्तारमा गरी वित्तीय सुधार गर्न प्रतिबद्धताअनुसार लगानी भित्रिनु पर्छ । भित्रिएका लगानी सदुपयोग गर्न र अर्थतन्त्रमा देखिने चुनौती सामना गर्न निजी क्षेत्र र सरकार दुवैको महत्वपूर्ण योगदान रहने हुँदा सरकारले लगानीमैत्री वातावरण बनाउन समयानुकूल प्रबन्ध मिलाउनुपर्छ ।रासस

> मुलुकमा वैदेशिक लगानी भित्र्याउन नीतिगत व्यवस्था सुरुआतको इतिहास चार दशक लामो भए तापनि वास्तविक रूपले लगानी भित्रिएको रकमको परिमाणका दृष्टिले वैदेशिक लगानीको अवस्था सोचेअनुरुप हुन सकेको छैन । लगानीको प्रतिबद्धता न्यून हुने र प्रतिबद्धता भएकामध्ये थोरैमा मात्रै प्रत्याभूत हुने अवस्थाले वैदेशिक लगानीमा सुधार भएको मान्ने आधार देखिँदैन । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको नेपालमा वैदेशिक लगानीसम्बन्धी सर्वेक्षणअनुसार सन् १९९५/९६ देखि २०२१/२२ को अवधिमा रु चार खर्ब ११ अर्ब बराबरको वैदेशिक लगानीको प्रतिबद्धता आएपनि जम्मा रु एक खर्ब ४८ अर्ब बराबर मात्रै लगानी भित्रिएको देखिन्छ ।

# 'श्रमिकको विदेश पलायन रोक्न ठोस योजना र कार्यक्रम आवश्यक'

**काठमाण्डु ।** श्रम विदेश पलायन हुनेक्रम रोक्नका लागि ठोस योजना र कार्यक्रम ल्याउन सरकारलाई राजनीतिक दलका नेताहरुले सुझाव दिएका छन् । बुधबार १३५औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा संयुक्त ट्रेड युनियनसमन्वय केन्द्र(जेटियुसिसी) द्वारा आयोजित कार्यक्रममा उपस्थित नेताहरुले श्रम निर्यातभन्दा पनि स्वदेशभित्रै श्रम सिर्जना गर्न जोड दिएका हुन् ।



उक्त कार्यक्रममा नेपाली काङ्ग्रेसका उपसभापति धनबहादुर गुरुङले देशभित्र स्वरोजगार र रोजगारको प्रवर्द्धनका लागि सरकारले झन्झटिलो प्रक्रियालाई सकेसम्म सरलीकृत गर्नुपर्ने सुझाव दिनुभयो । "श्रमिकको निर्यात हैन श्रम सिर्जना गरौं । श्रमको सिर्जना गर्नका लागि लगानीको वातावरणको आवश्यकता छ । यसको सहजीकरणका लागि सरकारले कदम चाल्न आवश्यक छ", उहाँले भन्नुभयो, "हाम्रा प्रक्रिया अत्यन्त झन्झटिला छन् यसलाई द्रुतमार्गमा लानुपर्छ । स्वरोजगार र रोजगार प्रवर्द्धन गर्नका लागि पनि यो कुरा आत्मसात गर्न आवश्यक छ ।"

उपसभापति गुरुङले सुशासन कायम गर्नका लागिसमेत उच्च तहका नेता तथा कर्मचारीले श्रमको सम्मान गर्न जान्नुपर्ने बताउनुभयो । "सिंहदरबार छिरेपछि मालिक हौं कि जस्तो भइहाल्छौं हामी । यो पनि गलत छ । वास्तवमा हामी कोही मालिक हैनौं । प्रधानमन्त्री, मन्त्री, सांसद, सचिव मुख्यसचिव जे भए पनि हामी सबै देशका श्रमिक नै हौं । जनताको श्रमिक, भरिया हौं भन्ने हामी नेताले नबुझ्दा पनि श्रमिक र जनताले दुःख पाइरहेका छन्", उहाँले भन्नुभयो ।

उक्त कार्यक्रममानेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले मुलुकभित्रै श्रम गरेर राष्ट्र निर्माणको यात्रामा जोडिने मनोविज्ञान कमजोर बन्दै गएको गुनासो गर्नुभयो । "जो जो नेपालभित्रै श्रम गरेर राष्ट्र निर्माणमा जुट्नुभएको छ उहाँहरु वास्तवमा धन्यवादको पात्र हुनुहुन्छ । तर पछिल्लो समय ठूलो सङ्ख्यामा युवा वैदेशिक रोजगारीमा जाने परिस्थिति सिर्जना हुनु मुलुकको समृद्धिका लागि चुनौती पनि हो", उहाँले भन्नुभयो । महासचिव पोखरेलले मुलुक विकास र समृद्धिको यात्रालाई तीव्रता दिन नसके रोजगारीको अवसर सिर्जना हुन नसक्ने बताउनुभयो । उहाँले योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रममा औपचारिक र अनौपचारिक क्षेत्रका सबै श्रमिकलाई सहभागी गराउनेतर्फसमेत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)का वरिष्ठ नेता एवं सङ्घीय सांसद पशुपति शमशेर जबराले औद्योगिक विकासले मात्र पर्याप्त रोजगारी सिर्जना हुने धारणा राख्नुभयो । उहाँले औद्योगिक क्षेत्रको विकासका लागि सरोकारवाला सबै प्रतिबद्ध हुनुपर्ने बताउनुभयो ।

"मुलुकमा युवाले रोजगार प्राप्त नगरेसम्म उनीहरु देशभित्र बस्ने परिस्थिति सिर्जना हुँदैन । उनीहरु मुलुकमा नबसे साच्चिकै विकास हुन सक्दैन", उहाँले भन्नुभयो, "आज हेरौं भने उद्योगको अवस्था खुम्चेको छ । देशभित्र उत्पादनशील उद्योग विकास नभएसम्म पलायन भएको युवा जनशक्तिलाई रोजगार दिएर मातृभूमिमै सेवा गर्ने अवसर दिन सक्दैनौं ।" राप्रपा नेपालका अध्यक्ष कमल थापाले स्वदेशमै रोजगारी सिर्जना गर्ने र विदेश पलाएन भएकालाई देश फिर्ता गर्न सरकारले ठोस योजना र कार्यक्रम बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले "सामान्य रोजगारीको अवसर नभएर लाखौं युवा विदेश पलायन हुनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो, "हामीले यस दिवसको ऐतिहासिक महत्वको बयान गरेर मात्र पुग्दैन । धैरै राजनीतिक परिवर्तनमा बाबजुद पनि श्रमिकको अवस्थामा सुधार हुन नसक्नु दुःखद् हो । यही गतिमा श्रमिक शून्य राष्ट्र हुनसक्छ ।"

जेटियुसिसीका अध्यक्ष योगेन्द्रकुमार कुँवरले श्रम पलायन रोक्नका लागि ठोस कदम चाल्नुपर्ने आवश्यकता औँल्याउनुभयो । नेपाल उद्योगपरिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले रोजगारदाता र श्रमिकबीच असल श्रम सम्बन्धको विकास गर्दै लगानीको वातावरण निर्माण गरी मुलुकभित्र रोजगारीको थप अवसर सिर्जना गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले श्रम बजारको माग र पूर्तिको बेमेललाई न्यूनीकरण गर्नतर्फसमेत सचेत गराउनुभयो ।

यस्तै नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले श्रम बजार सम्बन्धित सबै निकायबीच आपसमा विश्वासमा लिएर सहकार्य गर्नुपर्ने बताउनुभयो ।रासस

# पशुपति आर्यघाटको विद्युत् शवदाह निःशुल्क गरिने

**टुडे समाचारदाता**

काठमाण्डु । पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा मिलनकुमार थापाले पशुपति आर्यघाटस्थित विद्युत् शवदाह आउँदो साउन १ गतेदेखि निःशुल्क गरिने जानकारि दिएका छन् ।



निम्न आय भएका तथा गरिब व्यक्तिले आफन्त गुमाउँदा आर्थिक अभावका कारण दाहसंस्कार गर्न नसकेर पिरोलिनुपर्ने अवस्था नआओस् भनेर विद्युतीय शवदाह निःशुल्क गर्ने निर्णय गरिएको उनले जानकारि दिएका हुन् । उनले भने, "आफ्ना आफन्त गुमाउँदा आर्थिक अभावले पिरोलिनु नपरोस् भन्ने हाम्रो उद्देश्य हो । सो शवदाहलाई निःशुल्क गर्ने विषयमा यसअघि पनि हामीले पहल गर्दै आएका थियौं ।

अब आगामी साउन १ गतेदेखि विद्युत् शवदाह निःशुल्क गर्छौं ।"

यसैगरी सदस्य सचिव डा थापाले सेतो सत्तल गुह्येश्वरीमा धार्मिक एवं सांस्कृतिक अध्ययन अनुसन्धानका लागि अन्तर्राष्ट्रियस्तरको पुस्तकालय निर्माण गर्ने निर्णय भएको जानकारी पनि दिएका छन् । पशुपतिनाथमा जलहरी राख्ने कार्यमा भ्रष्टाचार भएको भन्दै मुद्दा परेपछि निलम्बनमा परेका सदस्य सचिव डा थापाले मङ्गलबार विशेष अदालतबाट सफाइ पाएपछि पुनः कार्यभार ग्रहण गरेका छन् ।

विशेष अदालतले मङ्गलबार सदस्य सचिव डा थापासहित डा प्रदीप ढकाल र अरुणकुमार श्रेष्ठलाई सफाइ दिएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विसं २०८० असोज १४ गते उनीहरु तीनै जनाविरुद्ध मुद्दा दायर गरेको थियो ।

# बालबालिकाका लागि 'बृहत खोज र खोप अभियान'

**टुडे समाचारदाता**

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित खोप लगाउन छुटेका बालबालिकालाई आगामी वैशाख ३१ गते खोप लगाउने भएको छ ।


मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले नियमित खोप लगाउन छुटेका बालबालिकाका लागि 'बृहत खोज र खोप अभियान' सञ्चालन गरिने बताएका छन् ।

उनका अनुसार १५ महिनामा नियमित खोप लगाउन छुटेका पाँच वर्ष मुनिका बालबालिकालाई १३ प्रकारका खोप दिइने छ । सरकारले रोग, अपाङ्गता र मृत्युबाट बचाउनका लागि जन्मेदेखि पाँच वर्ष उमेर समूहका बाललालिकालाई विभिन्न १३ प्रकारका खोप निःशुल्क प्रदान गर्ने गर्दछ ।

नेपालमा अहिले पनि ८० प्रतिशत बालबालिकाले पूर्णमात्रा र २० प्रतिशत बालबालिकाले सबै खोप र चार प्रतिशत बालबालिकाले कुनै पनि खोप लगाएका छैनन ।

केही जिल्लामा खोप लगाउन छुटेका बच्चाको सङ्ख्या बढ्दै गई दादुरा रुवेलाको महामारीसमेत देखा परेकोले छुटेका बालबालिकालाई खोप दिन थालिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले नजिकैको स्वास्थ्य कार्यालयमा गई आफ्ना बालबालिकालाई छुटेका खोप लगाउन र छिमेकमा रहेका त्यस्ता बालबालिकालाई पनि खोपकेन्द्रसम्म जाने अवस्था बनाउनका लागि सहयोग गर्न अनुरोधसमेत गरेको छ ।

पूर्णखोप नलगाउँदासम्म कोही पनि सुरक्षित नहुने भएकोले सबै बालबालिकालाई पूर्णखोप लगाउन आवश्यक रहेको मन्त्रालयको आग्रह छ ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बैंकको लापरवाही

वीरगञ्जस्थित नबिल बैंकमा चोरी भएको घटना सार्वजनिक भएको छ । लछुमनवामा रहेको नबिलको शाखाबाट १ करोड ३४ लाख ६५ हजार रुपैयाँ चोरी भएको प्रहरीले जनाएको छ ।बैंकमा सुरक्षा गार्ड राखिएको थिएन् ।बैंक भएको घरमा कोही कर्मचारी पनि बसिरहेका थिएनन् ।चोरले बैंकबाट १ सय ५० र २० का नोटहरु बोरामा हालेर लगेको प्रहरीले जनाएको छ ।बैकमा तीन करोडको हाराहारीमा नगद र अन्य महत्वपूर्ण कागजात लगायतका सरसमानहरु थियो ।तर बैंकको सुरक्षाका लागि त्यहाँ गार्ड थिएन् ।बैंकका कर्मचारीहरु सोमवार बिहान पुग्दा मूल ढोकामा अर्को ताल्चा लागेको देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनास्थलमा प्रहरी पुगेपछि ताल्चा फोडेर बैंक भित्र प्रवेश गर्दा चोरिएको जानकारी भएको थियो । बैंक भित्र रहेको चदरा (जस्ता)को बाकसलाई ग्रेण्डरले काटेर बोरामा हालेर नगद लगिएको थियो ।सोमवार दिनभरि लगाएर कर्मचारीहरुले नगद मिलाउदा १ करोड ३४ लाख ६५ हजार रुपैयाँ चोरिएको यकिन भएको थियो ।बैंकमा चोरी भएपछि प्रहरीले अनुसन्धानको क्रममा केही कर्मचारीलाई नियन्त्रणमा लिएको छ । प्रहरीले बैंक बाहिरको सीसीटीभीको फुटेजबाट भित्र पसेका चोरको पहिचान भएको जनाएको छ । बैंकमा चोरी हुनु आश्चर्यजनक होइन् ।तर चोरीको प्रकृति हेर्दा बैंकका कर्मचारीहरुको संलग्नता हुन सक्ने प्रारम्भिक अनुमान गर्न सकिन्छ । बैंकका कर्मचारीहरुले सुरक्षाको पर्याप्त व्यवस्था मिलाएको थिएन् । बैंक भित्रको सीसीटीभी कैमरा पनि बिग्रेको बताइएको छ । बैंकको मुख्य ढुकुटीमा राखिएको १ हजार र ५ सय दरको नोट चोरले लग्न पाएनन् ।बैंकको ढुकुटी फुटाउन नसकेपछि चदराको बाकसमा राखिएको खुद्रा नोटहरु नै बोरामा हालेर लगेको देखिन्छ ।करोडौ रुपैयाँ नगद रहने बैंकमा राति सुरक्षा गार्ड नहुनु बैंकको लापरबाही हो ।नेपालमा नबिल बैंक प्रतिष्ठित मानिन्छ ।तर उसको व्यवस्थापन निकै कमजोर रहेको देखिन्छ ।प्रहरीले अनुसन्धान सुरु गरिसकेको छ ।चाँडै नै दोषीहरु पक्राउपर्ने संभावना छ ।तर बैंक व्यवस्थापनले अतिसंवेदनशिल रहेको सुरक्षा व्यवस्थाप्रति पूर्ण उदासीन देखिएको छ ।बैंकबाट चोरी भएको रकम प्रहरीले तत्कालै कारवाही गरी बरामद गर्न सक्ने संभावना छ ।बैंकमा चोरी भएको घटनापछि महानगरपालिकाको सुरक्षामाथि पनि प्रश्न उठेको छ । नगरक्षेत्रमा सुरक्षा व्यवस्था भरपर्दो रहेको र रात्रि बजारपनि लगाइएको बेला बैंकमा भएको चोरीले प्रहरीको सुरक्षा व्यवस्था सबल नभएको देखाएको छ । बैंकको चरम लापरवाही र कमजोर सुरक्षा व्यवस्थाको कारण १ करोड ३४ लाख ६५ हजार रुपैयाँ बैंकबाट बोरामा राखेर लगिएको हो ।यस तर्फ सचेत हुनु आवश्यक छ ।

# श्रमिक दिवस र ट्रेड युनियन आन्दोलनको अभिभारा



अचुतकुमार ओझा

बुधबार मे डे अर्थात् श्रमिकले दृढ साहस र सङ्कल्पका साथ लडेर आफ्ना अधिकार प्राप्त गरेको दिनको स्मरण हो । सन् १८८६ मे १ मा अमेरिकाको सिकागोमा आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको माग गर्दै मजदुरले गरेको आन्दोलन सफल भएको दिनको सम्झनामा संसारभर श्रमिक दिवस मनाइन्छ । सन् १८८९ मा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न विश्वका श्रम सङ्गठन एवम् श्रमिक नेताहरुको बैठकले विश्व मजदुर दिवस संसारभर मनाउने निर्णय गरिएको थियो । सन् १८९० देखि प्रत्येक वर्ष मे १ मा दुनियाँभर मजदुर दिवस मनाउने गरियो । नेपालमा २००३ फागुन २० गते विराटनगर जुटमिलमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा विराटनगर मजदुर युनियन गठन गरेसँगै औपचारिक रुपमा ट्रेड युनियन आन्दोलन सुरुआत भएको इतिहास रहेको छ । विराटनगरमा २००७ सालमा मजदुरले आन्दोलन गरेसँगै यो दिवस मनाउन थालिएको थियो । तर २०४६ सालदेखि मात्रै मे १ मा सरकारले आधिकारिक रुपमा सार्वजनिक बिदा दिन थालेको थियो । यसरी हेर्दा नेपालको ट्रेड युनियन आन्दोलनले सात दशक पूरा गरिसकेको छ ।

विसं २००७ मा जहानियाँ राणा शासनबाट भइरहेको निरङ्कुशताबाट नागरिक, कामदार र देशलाई मुक्ति दिलाउन र स्वतन्त्रता प्राप्ति गर्न ट्रेड युनियन आन्दोलनले पुऱ्याएको योगदान अविस्मरणीय छ । ट्रेड युनियन आन्दोलन सामाजिक अभियान भएकाले प्रजातन्त्रको बहालीसँगै शासक र रैती, मालिक र मजदुर, व्यवस्थापक र कर्मचारीबीच हुने दमन, शोषण र अत्याचारका विरुद्ध आवाजहरु उठ्न थालेको थियो । मजदुरले मेहनत गरेर कम्पनी र संस्थाले नाफा कमाउन सफल हुँदा मालिक मोटाउँदै जाने तर काम गर्ने कारिन्दाले कुनै लाभ नपाउने अवस्था थियो । श्रमिक एकता र आन्दोलनले कम्पनीको नाफामा कर्मचारीले हिस्सा पाउनुपर्ने आवाजहरु उठ्न थाल्यो । यसले गर्दा बोनसका रुपमा श्रमिक आन्दोलनलाई सम्बोधन गर्न राज्य र उद्योगीहरु बाध्य भएका थिए ।

श्रमिक हक र हितका लागि सङ्गठित हुन पाउने र समय अनकूल पेसागत मुद्दाहरु उठाउन सामूहिक सौदाबाजी गर्न सक्ने गरी मजदुर अभियानले कानुनी अधिकार प्राप्त गर्न सफल भएको छ । मजदुरका सरोकारका विषयमा निर्णय गर्दा अनिवार्य रुपमा आधिकारिक युनियनका नेता वा क्रियाशील युनियनमा रहेका श्रमिकका प्रतिनिधिहरुको सहभागिता अनिवार्य रहनुपर्ने व्यवस्था स्थापित भएको छ । सार्वजनिक संस्थान, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, सङ्घसंस्था, औपचारिक क्षेत्रका कामदार तथा पेसाकर्मीहरु सबैले आफूले चाहेको कर्मचारी युनियनमा जोडिन र पेसाकर्मीहरुको हक र हितका विषयमा सङ्गठित रुपमा प्रचलित कानुनको अधीनमा रहेर आवश्यक दबाब र आन्दोलनका कार्यक्रम गर्न पाउने अधिकार नेपालमा रहेको ७५ वर्षभन्दा लामो ट्रेड युनियन आन्दोलनले स्थापित गरेको छ ।

अनौपचारिक क्षेत्रका किसान, ड्राइभर, मजदुर, कुल्ली, कामदार, जागिरे, ज्यामी र श्रमिकका कामको सुरक्षा, पेसागत मर्यादा र सम्मानको प्रत्याभूति गराउन राज्य, रोजगारदाता र रोजगारी गर्नेको प्रतिनिधिबीच संवाद र सामूहिक सौदाबाजीमार्फत आवश्यक नीति तर्जुमा गर्ने कानुनी व्यवस्था गरिएको छ । ट्रेड युनियन आन्दोलनका कारण ट्रेड युनियन ऐन, विनियमावली र अन्य कानुनबाट श्रमिकका हक र हितको संरक्षण गर्न सफलता मिलेको छ । खासगरी अनौपचारिक क्षेत्रमा छरिएर रहेका श्रमिकको अधिकार रक्षा र प्राप्तिका लागि सबैलाई गोलबद्ध गर्न निकै चुनौतीपूर्ण रहँदै आएको छ । ट्रेड युनियन आन्दोलनल न्यूनतम वेतन, सामाजिक सुरक्षा, ट्रेड युनियन शिक्षा, सामूहिक सौदाबजी, र पेसागत स्वास्थ्य तथा सुरक्षाको 'ग्यारेन्टी' गर्न राज्य र सम्बन्धित पक्षलाई दबाब र संवादमार्फत कानुनी अधिकार दिने त्रिपक्षीय सम्झौता गर्न बाध्य पार्दिँदै आएको छ ।

पछिल्लो समय काममा प्रविधिको प्रयोग बढ्दो छ । समाजको चरित्र बदलिएको छ, कामदार 'हार्ड वर्क'भन्दा 'स्मार्ट वर्क' गर्न रुचाउँछन् ।

काममा कम्प्युटर, इन्टरनेट, रोबोट र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) जस्ता आधुनिक प्रविधिको बढ्दो प्रयोगले पुरानो सीप प्रयोगहीन हुने र पहिलाको तुलनामा थोरै मानव साधनबाट त्यति नै काम सम्पन्न गर्न सकिने अवस्थाले रोजगारी कटौतीको अवस्था आइरहेको छ । यसैले श्रम शक्तिलाई समय र प्रविधिमैत्री बनाउन तालिम, प्रशिक्षण र सीप सिकाइको मौका प्रदान गर्न समेत राज्यलाई आवश्यक दबाब दिनुपर्ने देखिन्छ ।

प्रविधिले विश्व नै एउटा गाउँ बन्दै गर्दा नेपालबाट दैनिक दुई हजारभन्दा बढी नागरिक वैदेशिक रोजगारीमा श्रमका लागि जाने गरेका छन् । वैदेशिक रोजगारीमा जानेको सम्मानित र सुरक्षित कामका लागि ट्रेड युनियन अभियानले केही सम्बोधन गरिए तापनि त्यो पर्याप्त हुन सकेको छैन । देशमा बेरोजगारीलाई रोजगारी दिन नसक्दा विदेशमा कमाउन र रमाउन जानेको स†ंया ५० लाख माथि पुगिसकेको अवस्था छ । वैदेशिक रोजगारीमा जानेलाई जोखिमपूर्ण काम गर्न, सम्झौताभन्दा बाहिरको काम थोरै ज्यालामा गर्न बाध्य पारिएको छ, त्यसरी बाध्यकारी काम गर्ने क्रममा अङ्गभङ्ग हुने र भविष्यमा कुनै काम गर्न नसक्ने अवस्थामा पुग्ने, कैयौँ अवस्थामा मृत्युवरण हुँदा आश्रित परिवार विचल्लीमा पर्ने गरेका कारुणिक दृश्यहरु टेलिभिजन र सामाजिक सञ्जालमा देखिने गरेका छन् । यसलाई ट्रेड युनियन आन्दोलनले बीमा र सामाजिक सुरक्षा कोषमार्फत सुधार गर्ने प्रयास गरेको छ तर त्यो प्रभावकारी हुन सकिरहेको छैन ।

ट्रेड युनियन आन्दोलनले कार्यक्षेत्रमा लैङ्गिक समानता र समावेशिता, स्वच्छ वातावरण, ज्यालामा एकरुपता, कार्यस्थलको सुरक्षा, श्रम शक्तिलाई सीप, शिक्षा र सम्मानित रोजगारीको व्यवस्था, सबै कामदारलाई योगदानमा आधारित सामाजिक सुरक्षाको प्रत्याभूति गराउन २०७६ सालमा सरकारले सामाजिक सुरक्षा योजनाको घोषणा गरेर अगाडि बढ्नुपर्ने परिस्थिति सृजना गर्न सफल भएको छ । यसैको दबाबमा नेपालको संविधानमा मौलिक हकका रुपमा श्रम अधिकार र ट्रेड युनियन गर्न पाउने अधिकारलाई स्थापित गरिएको छ ।

ट्रेड युनियन अभियानका कारण नेपाल आइएलओ सदस्य राष्ट्र बनेर विभिन्न सन्धिहरुको पक्षमा हस्ताक्षर गरिसकेको छ । यसले विश्वभरिका मजदुरसँग सहकार्य र समन्वय गर्दै श्रम बजारमा भएका नयाँ अभ्यास, प्रयोग र मुद्दाहरु पहिचान गर्न र थाहा पाउन सहजता मिलेको छ । राज्य र रोजगारदाताहरुले श्रमिकका जायज मागहरुलाई सुन्न खोजेनन् भने अन्तर ाष्ट्रियकरण गरी विश्वका मजदुरबाट समर्थन र साथ बटुली आवश्यक दबाब दिएर आफ्ना मागहरु सम्बोधन गराउन सकिने हैसियत दिएको छ ।

ट्रेड युनियन आन्दोलनले यावत् उपलब्धि प्राप्त गर्दै गर्दा पनि श्रमिकका उपलब्ध अधिकारमा हुने सबैखाले प्रहारलाई परास्त गर्दै जलवायु परिवर्तनले रोजगारीका क्षेत्रमा पार्ने असर जस्ता नयाँ मुद्दालाई पहिल्याएर निराकरण गर्नुपर्ने अभिभारा ट्रेड युनियनमा आएको छ । देशमा सङ्घीयता आएसँगै राज्यको शासकीय स्वरुप स्थानीय, प्रदेश र केन्द्र गरी तीन तहको सरकार बनेको छ । अब ट्रेड युनियन हक र हितका विषय सङ्घीय सरकारको मात्र नभई स्थानीय सरकारसँग जोडिन पुगेको छ । केन्द्रीय सरकारले कानुन बनाएर सात सय ५३ स्थानीय निकायमा उपप्रमुखको नेतृत्वमा श्रमिक 'हेल्पडेक्स' गठनका लागि जिम्मेवारी दिएको अवस्था छ तर हालसम्म हेर्दा केही सीमित स्थानीय निकायमा मात्र गठन गरेर श्रमिकका मुद्दा छलफल र सामूहिक सौदाबाजी हुन सकेको देखिन्छ । धैरै स्थानीय सरकारले ट्रेड युनियनका विषयमा चासो राख्ने गरेको भेटिँदैन । यसलाई बुझाउने, स्थानीय स्तरमा ट्रेड युनियनका संरचना बनाउने र ट्रेड युनियन शिक्षालाई अभियानकै रुपमा समाजमा अगाडि बढाउन आवश्यक छ । सम्पूर्ण मजदुरहरुलाई सम्बन्धित स्थानीय निकायमा पूँजीकरण गर्ने, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सहभागी हुन पाउने, कडा रोग र अशक्त हुँदा सामाजिक सुरक्षा कोष र बीमामार्फत सहयोग प्राप्त गर्न सक्ने कामदारका सुरक्षाका मुद्दालाई नतिजामुखी बनाउने जिम्मेवारी ट्रेड युनियनले होसियार पूर्वक उठाउनुपर्ने देखिन्छ ।

राज्य सञ्चालक, नीति निर्माता र राजनीतिक दलका नेताहरुमा मात्रै नभई नागरिक र मजदुर सङ्गठनका आफ्नै सदस्यहरुमा समेत ट्रेड युनियन आन्दोलनप्रतिको विश्वास कमजोर हुँदै गएको हो कि भन्ने भान परेको छ । यसैबीचमा सार्वजनिक संस्थान, प्रतिष्ठान र निजामती कर्मचारीहरुलाई किन चाहियो ट्रेड युनियन भनेर राजनीतिक दलका नेता र बुद्धिजीवीहरुबाट सार्वजनिक स्थानमा प्रश्न गरिँदै गर्दा त्यसको उपयुक्त उत्तर ट्रेड युनियन आन्दोलनभित्र खोज्न आवश्यक छ ।

सरकारी सङ्घसंस्थाको उत्पादकत्व घट्नु र प्रशासनिक ढिलासुस्तीका मूल कारक ट्रेड युनियन हो भनेर जसरी संसद र दलका बैठकमा छलफल हुन प्रारम्भ भएको छ । यसलाई चिरेर मजदुर आन्दोलनको औचित्य पुष्टि गर्नुपर्ने देखिन्छ । ट्रेड युनियन आन्दोलन केही बदमास नेतृत्वले आफ्नो र आफ्ना निजी स्वार्थका लागि पेसागत धर्म र मर्मभन्दा बाहिर गई गरेका सम्झौताका कारण केही हदसम्म बदनाम भएको स्वीकार्नुपर्छ । यसैका आधारमा ट्रेड युनियनको कुनै औचित्य छैन भनेर निचोड निकाल्नु गलत हुन्छ । बरु ट्रेड युनियन आन्दोलन पेसागत मुद्दामा भन्दा राजनीतिक दलको पछि लाग्दा शिथिल बन्दै जाने विषय सत्य हुन सक्छ । यसका लागि ट्रेड युनियनकर्मीहरुले विचार, बहस र चिन्तनमार्फत भुत्ते हुँदै गएको श्रमिक आन्दोलनलाई तिखारेर उठाउन आवश्यक छ ।

श्रमिकका गुणस्तरीय जीवनयापन र सामाजिक विकासका लागि भ्रष्टाचार, महङ्गी, गरिबी, ठगी, अन्याय र अत्याचारका विषयलाई बुलन्द गर्न सक्नुपर्छ । छरिएर रहेका अनौपचारिक क्षेत्रका श्रमिकलाई गोलबद्ध गरी कानुनमा लेखिएका तर व्यवहारमा कार्यान्वयन नगरिएका विषयहरुलाई कार्यान्वयन गर्न दबाब दिन सक्नुपर्छ । आफ्ना सदस्यबाट नै गरिएका संशय हटाउँदै श्रमिकका समस्यामा सामाजिक अभियान चलाउनुपर्छ । ट्रेड युनियनकर्मीहरु सरुवा, बढुवा, शाखा, सुविधा र आर्थिक प्रलोभनमा परेर आन्दोलन बेच्छन् भन्ने आरोप लाग्दै आएको छ । यसलाई चिरेर समाजमा ट्रेड युनियन आन्दोलनप्रति बन्दै गएको गलत तस्बिरलाई बदल्नुपर्ने जिम्मेवारी समेत रहेको छ । ट्रेड युनियन आन्दोलनको दबाबका कारण सुरुआत भएको तर लक्ष्यमा नपुगेका सामाजिक सुरक्षा, सङ्गठित हुने अधिकार, देशमा नै सीप, शिक्षा र रोजगारी अभियान, कार्यथलो सुरक्षा, पेसागत स्वास्थ्य र सुरक्षा, न्यूनतम वेतन र सुरक्षित वैदेशिक रोजगारीलगायत 'एजेन्डा'लाई परिणाममुखी बनाउने दायित्व ट्रेड युनियनलाई रहिआएको छ ।

ट्रेड युनियन आन्दोलनलाई निरन्तरता र दिगो बनाई राख्न नयाँ पुस्तालाई जोड्न आवश्यक छ । उनीहरुलाई ट्रेड युनियन शिक्षामार्फत मजदुर आन्दोलन बन्द, हडताल र अवरोध होइन समाजिक विकृति, विसङ्गति र विभेदकोविरुद्ध गरिने सृजनात्मक सामूहिक प्रयास हो भनेर चिनाउन र बुझाउन खाँचो छ । राज्यका शासक र रोजगारदाताबाट हुने शोषण, असुविधा र असुरक्षालाई सबैले एक्लाएक्लै बेहोरिरहेका हुन्छन्, त्यसलाई सामूहिक मुद्दा बनाएर आपसको अटुट एकता, वर्गीय हितप्रतिको निष्ठा र आफ्नो न्यायोचित अधिकार प्राप्त गर्ने दृढ अठोटका कारण नेपालको ट्रेड युनियन आन्दोलन निरन्तर अगाडि बढिरहेको छ । यसैले हिजोभन्दा आज ट्रेड युनियन आन्दोलनको महत्व अझ बढेर गएको कुरा उनीहरुलाई जानकारी गराउन खाँचो देखिन्छ । यस आन्दोलनले नयाँ पुस्ताका मजदुरहरुमा उत्साह, साहस र आत्मविश्वास वृद्धि गर्दै ट्रेड युनियनप्रतिको भरोसा अभिवृद्धि गर्नुपर्ने अभिभारासमेत पूरा गर्नुपर्नेछ । (ट्रेड युनियन अभियानमा क्रियाशील लेखक ओझा नेपाल टेलिकममा कार्यरत हुनुहुन्छ)

# लगानी सम्मेलनको सन्देश

**एकराज पाठक**

नेपालले लगानी सम्मेलनको आयोजना गरेको होटल सोल्टीको मञ्चमा आइतबार प्रमुख अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र उहाँसँगै बस्नुभएको थियो संसद्मा प्रमुख प्रतिपक्षी दलका नेता कांग्रेस सभापति शेरबहादुर देउवा । मञ्चमै थिए मुलुकको अर्थतन्त्रको इन्जिनका रुपमा रहेको निजी क्षेत्रका प्रतिनिधि पनि । अनि हालमा उपस्थित थिए सबै राजनीतिक दलका नेता, ५० भन्दा बढी देश तथा दातृ निकाय एवं राष्ट्रका सहभागी । यी सहभागी र प्रतिनिधिबीच नेपालको एउटै आवाज आयो, 'नेपालमा लगानीको राम्रो वातावरण छ, लगानीका लागि नेपाल उचित गन्तव्य हो । आउनूहोस्, लगानी गर्नूहोस् र मुनाफा लैजानूहोस् ।"

विश्व समुदायमाझ यसरी राष्ट्रको एउटै आवाज र उद्देश्य मुखरित भएको थियो । आइतबारको यस सम्मेलनमा सक्रिय रुपमा सहभागी थिए हाम्रा छिमेकी मुलुक भारत र चीन तथा अमेरिकाकी सरकारका प्रतिनिधिहरु । अर्थतन्त्रको क्षेत्रका विश्वका ५० भन्दा बढी देशका दुई हजारभन्दा बढी व्यक्ति उपस्थित यस मञ्चबाट नेपाल लगानीका लागि उचित गन्तव्य हो भन्ने एउटै राष्ट्रिय आवाज र सन्देश विश्वव्यापी पुगेको छ । यतिमात्र नभएर यही मञ्चबाटै विश्व बैङ्क, एसियाली विकास बैङ्कबाट समेत नेपालमा लगानीका प्रशस्त सम्भावना रहेका र यहाँ लगानी गरेर प्रतिफल लिन सकिने आशयको अपिल सार्वजनिक हुनु पनि यस कार्यक्रमको अर्को सकारात्मक सन्देश हो ।

मुलुकको निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग वाणिज्य महासङ्घले चैतको अन्तिम साता यही स्थानमा आयोजना गरेको वार्षिक साधारणसभामा सबै राजनीतिक दलका नेताहरु आमन्त्रित थिए । पूर्वप्रधानमन्त्रीहरु र प्रायः सबै राजनीतिक दलका नेताहरु सो कार्यक्रममा उपस्थित थिए । सो कार्यक्रमको 'थिम' थियो, "मुलुकको अर्थतन्त्र सङ्कटबाट बाहिर ननिस्किसकेकाले यसलाई उकास्नका लागि आवश्यक पर्ने आर्थिक 'एजेन्डा' तथा नीतिमा देशका सबै राजनीतिक दलको राष्ट्रिय सहमति आवश्यक छ । आफ्ना राजनीतिक एजेन्डा तथा नीति र घोषणापत्रहरु आफ्नै एवं अलग रहे पनि आर्थिक एजेन्डा सबै दलको एउटै होस्, आर्थिक विकासको उद्देश्यमा सबैको साझा आवाज होस् ।"

त्यो आशय र आग्रह आइतबार नेपालले आयोजना गरेको तेस्रो लगानी सम्मेलनमा थप मुखरित हुन पुगेको छ ।

नेपालमा लगानी भित्र्याई अर्थतन्त्रलाई थप सबलीकरण गर्ने सवालमा आइतबार नेपालको एउटै आवाज थियो । प्रधानमन्त्री, संसद्मा प्रतिपक्षी दलका नेता र निजी क्षेत्रका प्रतिनिधिहिरुले नेपालमा लगानीको वातावरण रहेको र यहाँ लगानी गर्न आउने विदेशी समुदायलाई नेपालले सक्दो सहजीकरण गर्ने बताएबाट विश्वमै नेपालको एउटै आवाजसहितको सकारात्मक सन्देश गएको छ । यो राष्ट्रिय एकताले विदेशी समुदायलाई नेपालमा रहेका लगानीका असीमित सम्भावनाहरुप्रति आकर्षित गराउन पक्कै पनि सहयोगी भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ ।

आइतबार सम्मेलनको उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले नेपालमा रहेका अपार सम्भावना र अवसरका केन्द्रमा रहेर यहाँ लगानी गर्न स्वदेश र विदेशका लगानीकर्तालाई आह्वान गर्नुभयो । उहाँले यहाँ लगानीको वातावरण रहेको सुनिश्चतता दर्शाउँदै भन्नुभयो, "नेपाल गौतम बुद्ध, सगरमाथा र वीरहरूको भूमि हो, यो विदेशी लगानीलाई हृदयदेखि स्वागत गर्ने देश हो । सरकार लगानीकर्ता, उद्योगी, नवप्रवर्तक र व्यवसायीलाई सहजता प्रदान गर्न निरन्तर सुधारमा लागेको छ ।"

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले विदेशी लगानीका लागि नेपालका सबै क्षेत्र खुला रहेका स्पष्ट गर्दै भन्नुभयो, "नेपालका पर्यटन, पूर्वाधार विकास, खानी तथा खनिज, उत्पादन, जलविद्युत् र सूचना प्रविधिमा बढी सम्भावना रहेको छ ।

यहाँ लगानीको वातावरण र उचित प्रतिफल लिन सकिने अवस्था छ ।"

नेपालको समग्र निजी क्षेत्रले यस पटकको लगानी सम्मेलनमा राम्रैसँग होस्टेमा हैँसे गर्यो । निजी क्षेत्र यो सम्मेलनको सहआयोजकका रुपमा रहेको थियो । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले आफूले विगतमा नेपालको निजी क्षेत्र मुलुकको अर्थतन्त्र सञ्चालन गर्ने इञ्जिन भएको दाबी गर्दै आएकामा यो सम्मेलनले यस धारणाको पुष्टि गरेको र नेपालको अथतन्त्रको इञ्जिन मुलुकको निजी क्षेत्र हो भन्ने कुरा स्थापित भएको बताउनुभयो ।

विश्वभरका लगानीकर्ताहरुलाई आग्रह गर्दै उहाँले भन्नुभयो, "नेपालमा लगानीका अपार सम्भावना छन् । म त नेपालमा सम्भावना नै सम्भावना देख्छु ।

आउनूहोस्, लगानीमा साझेदारी र सहकार्यका लागि हामी तयार छौँ ।" वास्तवमा विश्वका ठूला अर्थतन्त्र, चीन र भारतको बीचमा रहेको नेपालको रणनैतिक अवस्थितिका कारण पनि यहाँको लगानीले बजारको समस्या त्यति झेल्नुपर्दैन । नेपालमा कामदारकै अवस्थाको खोजी गर्ने हो भने पनि यहाँ काम गर्ने उमेरको जनशक्ति धरै छ, त्यसैले पनि सजिलो छ । दुई ठूला छिमेकीको बजारबाट पनि नेपालको बजार, पर्यटन र श्रम बजार क्षेत्रले राम्रो फाइदा लिन सक्छ ।

मुलुकमा स्वदेशी तथा विदेशी लगानी भित्र्याएर आर्थिक समुन्नति हासिल गर्ने उद्देश्यका साथ नेपालले यो तेस्रो पटक लगानी सम्मेलनको आयोजना गरेको हो ।

यस सम्मेलनमा विभिन्न क्षेत्रका करिब डेढ सय परियोजना प्रस्तुत गरिएको थियो । सम्मेलनमा प्रस्तुत यी परियोजनामा अहिले नै कुनै परिणाम ननिस्केको भए पनि लगानीकर्ताका सम्भावना खुलै रहेकाले यसमाथि आगामी दिनमा विचार विमर्श भइनै रहन्छ ।

'इमर्जिङ नेपाल इन्भेष्टमेन्ट समिट-२०२४' नाम दिइएको यस सम्मेलनमा विदेशी सहभागीको संख्या उल्लेख्य रह्यो । करिब आठ सय विदेशी र चार सय नेपाली लगानीकर्ताले यस सम्मेलनमा सहभागिता जनाउनुले आगामी दिनमा लगानीका थप सम्भावनाहरु उजागर हुनसक्ने आशा भने बढाएको छ ।

सरकारले सम्मेलनको मुखमै अध्यादेशमार्फत नै कानुनमा सुधार तथा संशोधन गरेको छ । यसबाट पनि विदेशी तथा स्वदेशी लगानीकर्तालाई वातावरण निर्माणका लागि सरकार सहजीकरण गर्न प्रयत्नशील रहेको सन्देश गएको छ ।

यस अवसरमा नेपालमा लगानीका क्षेत्रहरुको पहिचान, यसका लागि आवश्यक पर्ने वातावरणको मूल्याङ्कन र अपेक्षित मुनाफाका लागि बजार पहिचानका प्रयत्नहरु पनि राम्रैसँग उजागर हुन सकेका छन् ।

यति हुँदाहुँदै पनि यो समय भनेको विगतलाई फर्केर हेर्ने अवसर पनि हो । यो तेस्रो सम्मेलनमा भइरहँदा पहिलो र दोस्रो लगानी सम्मेलनका उद्देश्य, अपेक्षित लाभ र अपेक्षाकृत लाभ लिन नसक्नुका कारणको खोजी पनि यसै अवसरमा गर्नु राम्रो हुन्छ । विगतको यो पाटोको समीक्षाले भोलिको बाटो तय गर्न सघाउ पुग्नेछ ।

यथोचित समीक्षा गर्दा राम्रै हुन्छ । हिजो पनि खर्बौं रुपैयाँका लगानीका आश्वासन आएका थिए । त्यसबमोजिम नेपालमा लगानी आएको देखिएको नदेखिएकाले त्यसका कारण खोजेर निराकरण गर्न सकिएमा यतिखेरका प्रतिबद्धताहरु खेर नजालान् ।

वास्तवमा नेपालमा लगानीका लागि उचित वातावरण नभएको होइन तर कागजी रुपमा रहेका व्यवस्थाहरुलाई सरलीकृत गरेर लगानीमैत्री बनाउनुपर्छ । नीति, नियम र कानुनमा सरकार सदैव निजी क्षेत्रकै साथमा देखिन्छ तर निजी क्षेत्र भने सधैँ सरकारी नीतिमा रहेका प्रावधानको कार्यान्वयन हुन नसकेको, सरकारी निकायहरुकै बीचमा आवश्यक तालमेल र समन्वय नुहँदा एउटै कामका लागि कैयौँ फाइल बोकेर कैयौँ सरकारी निकायको ढोकामा पुग्नुपरेको तथा अहिले महामारीले थला पारेको अर्थतन्त्रलाई आडभरोसा दिन सम्बद्ध निकाय सहयोगी बन्न नसकेको गुनासो गरिरहेको हुन्छ ।

यस्ता विषयवस्तुहरुलाई पनि कसरी सहजीकरण गर्ने भन्ने बारेमा यतिखेर समीक्षा गर्दा फलदायी नै हुनेछ । निजी क्षेत्र त्यसैले पनि नीति हुनु र वातावरण हुनुमा फरक देख्दछ । यी दुई बीचको खाडल घटाउने र अवाश्यकताअनुरुप पुर्ने काम पनि यसैबेला गर्दा राम्रो हुनेछ ।

अहिले मुलुकको अर्थतन्त्र सङ्कुचनमा परेको अवस्था छ । कोभिड महामारीपछि विश्वकै अर्थतन्त्रमा लागेको कालो बादल विस्तारै हट्दै त छ तर आकाश खुलिसकेको भने छैन । अघिकै लयमा फर्किसकेको अवस्था भने छैन । अर्थतन्त्रलाई अहिलेको अवस्थाबाट उकास्न सरकार र निजी क्षेत्र मिलेर थालेका प्रयासहरुको केही सकारात्मक परिणाम देखिएका कारण आर्थिक अवस्थाको सुधारका आशा पलाएका पनि छन् ।

देशका विभिन्न क्षेत्रमा सटर बन्द भइरहेका, व्यवसायीहरु पलायन भइरहेका समाचार आइरहँदा अहिले निजी क्षेत्रलाई हौसला चाहिएको अवस्था छ । यस्तो अवस्थामा आयोजित यो लगानी सम्मेलनले देशभित्र उद्यमशीलताको विकास गर्न तथा स्वदेशी र विदेशी लगानीका प्रतिबद्धता र सुनिश्चितताले आर्थिक गतिविधिलाई थोरै भए पनि चलायनमान बनाउन सक्छ ।

लगानी सम्मेलनले दिएको यो पनि एउटा सकारात्मक सन्देश हो ।

मुख्य कुरा त यस सम्मेलनका सहभागी लगानीकर्ता, सरोकारवाला र देशको निजी क्षेत्रले पहिचान गरी किटानीसाथ व्यक्त गरेका लगानीका अवरोधहरुलाई हटाउन र सहजीकरणको मार्ग प्रशस्त गर्न सरकारका सम्बद्ध निकायहरु नै लाग्नुपर्छ ।

यसबाट आगामी दिनमा अघि बढ्न सहज हुनेछ र यसैगरी आयोजना हुने लगानी सम्मेलनमा अपेक्षित लगानी भित्र्याउन सजिलो पर्नेछ ।

# आन्तरिक रोजगारीका लागि सीपमूलक तालिम दिने श्रममन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले सरकारले आन्तरिक रोजगारी सृजना र स्वरोजगार वृद्धि गर्नका लागि सीपमूलक तालिम दिने योजना बनाएको जानकारि दिएका छन् ।



अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा संयुक्त ट्रेड युनियन महासङ्घद्वारा बुधबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री आर्यालले आन्तरिक रुपमा सीपमूलक तालिम उपलब्ध गराउने योजना रहेको बताएका हुन् । "आन्तरिक रोजगारी सृजना र स्वरोजगार वृद्धिका लागि काम गरिरहेका छौँ । आन्तरिक रुपमा सीपमूलक तालिमहरु दिनुपर्छ भन्नेमा योजना बनाइरहेका छौँ", मन्त्री अर्यालले भने, "अबको दशक भनेको आन्तरिक रोजगारीको दशक बनाउने हो । यो दशकमा सीपमा लगानी बढाउने प्रतिबद्धतासहित हामीले काम गरिरहेका छौँ ।" उनले सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष र सञ्चय कोष, तीनवटै संस्थाबीचको सम्बन्ध सुमधुर बनाउँदै प्रभावकारी सेवा प्रवाहका लागि छलफल भइरहेको जानकारी दिएका थिए ।

मन्त्री अर्यालले शिक्षा नीति र श्रम बजारको मागबिच तालमेल नमिलेकाले सीप र प्रविधियुक्त जनशक्ति बनाउनुपर्ने आवश्यकता बताउदै श्रमिक र रोजगारदाताबीच सुमधुर सम्बन्ध निर्माणका लागि काम गरिरहेको बताए ।

उनले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन मन्त्रालय प्रयासरत रहेको बताए । अन्तर ाष्ट्रियस्तरबाट नेपाली श्रमिकप्रति हेर्ने नजर सकारात्मक रहेकामा प्रशंसा गरेका थिए । "श्रमिक र रोजगारदाताबीचको सम्बन्ध सोचेजस्तो हुन सकेको छैन । न्यूनतम पारिश्रमिक दिने र बढि समय काममा खटाउने जस्ता विषयमा हामीले निजी क्षेत्रका व्यवसायी र रोजगारदातासँग निरन्तर छलफल गरिरहेका छौँ", श्रममन्त्री अर्यालले भने ।

नेपाली श्रमिकको हकहितका लागि विभिन्न अन्तर्राष्ट्रिय निकायहरुसँग भइरहेको सहकार्यलाई अझ सशक्त बनाउने प्रतिबद्धता व्यक्त गर्दै मन्त्री अर्यालले स्वदेश र विदेशमा रहेका नेपाली श्रमिकका समस्या समाधान खोज्न एकद्वार प्रणालीबाट 'श्रमाधान' योजना घोषणा गरेको जानकारी दिएका थिए ।

# आगामी बजेटमा आमसञ्चारको धारणा समेट्दै सञ्चार मन्त्रालय

**काठमाण्डु** । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आगामी नीति तथा कार्यक्रम र बजेटमा आमसञ्चारको पक्षमा समेट्नुपर्ने विषयबारे विज्ञसमक्ष सुझाव सङ्कलन गरेको छ । काठमाडौँमा बुधबार मन्त्रालयले पत्रकार, बुद्धिजीवी र पत्रकारितासँग आबद्ध सङ्घ संस्थाका प्रतिनिधिसँग सुझाव लिएको हो ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले आमसञ्चारले समाजको अवधारणा निर्माण गर्न अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा आगामी नीति तथा कार्यक्रम एवं बजेटमा यस क्षेत्रको भावना समेट्न जरुरी रहेको बताउनुभयो । उहाँले कार्यक्रमका सहभागीले मौखिक रुपमा सुझाव दिएपनि विस्तृत रुपमा लिखित बुँदासमेत सुझाव दिनसक्ने बताउनुभयो ।

सेवा दिने र २४ सै घन्टा सेवा दिने प्रविधिमैत्री बनाउन आवश्यक रहेको उहाँको भनाइ थियो ।

"राससले समावेशी हुदैं चुस्तगतिमा सेवा दिइहरेकोछ", कार्यकारी अध्यक्ष झाले भन्नुभयो-"बहुभाषामा रासस लैजाने हाम्रो जोड हो । बजेटमै राससबारे ध्यान आर्कषित हुनुपर्छ ।"नेपाल टेलिभिजिनका महाप्रबन्धक फुलमान बलले नेपाल टेलिभिजनको पहुँच विस्तार गर्ने कुरामा जोड दिनुभयो ।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्षहरु किशोर नेपाल, शिव गाउँले र महेन्द्र विष्टले आमसञ्चार प्रतिष्ठान नीति समय सापेक्ष बनाउने विषयमा जोड दिनुभयो । पत्रकार महासङ्घको भौतिक तथा गुणात्मक विकासमा लगानी गर्न उहाँहरुले मन्त्रालयलाई सुझाव दिनुभयो ।




"आमसञ्चारलाई नीतिगतस्तरमा बलियो बनाउन लिखित सुझाव दिनसक्नुहुन्छ," मन्त्री शर्माले भन्नुभयो- "तपाईहरुको सुझावले नीति बनाउन मार्गनिर्देश गर्ने छ ।" उहाँले विज्ञापन नीति, ऐन र सरकारी मिडियाका विनियामवलीलाई नयाँ ढङ्गमा रुपान्तरण गर्न आवश्यक रहेको बताउनुभयो । त्यस्तै मिडिया वर्गीकरण र समावेशीका मुद्दामा मन्त्रालय संवेदनशील रहेको मन्त्री शर्माको भनाइ थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले पत्रकारको स्वास्थ्य बीमा, स्वास्थ्यमा पत्रकारलाई निश्चित शुल्क छुटको व्यवस्था, समानुपातिक विज्ञापन विरतण, तालिम र वृत्तिविकासका लागि मन्त्रालयले बजेटमा निश्चित रकम तोकेरै खुलाउनुपर्ने सुझाव दिनुभयो । राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले आम सञ्चारले उठान गर्दैआएका विषयमाथि छलफल गर्न जरुरी रहेको बताउनुभयो । यसको अनुगमन सरकारबाट हुनुपर्ने उहाँले बताउनुभयो । राष्ट्रिय समाचार समितिलाई बहुभाषामा समाचार

प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेतले लोककल्याणकारी विज्ञापनलाई उदार र प्रभावकारी बनाउन मन्त्रालयले चासो दिनुपर्ने बताउनुभयो । नेपाल प्रेस युनियनका उपाध्यक्ष नकुल अर्यालले सञ्चारमन्त्रालयले आमसञ्चार प्रभावकारिताबारे अनुगमन गर्न अनिवार्य रहेको बताउनुभयो । समाजवादी प्रेस सङ्गठन नेपालका अध्यक्ष विश्वमणि सुवेदीले लोककल्याणकारी विज्ञापन लक्षित वर्गसमक्ष पुर्याउन मन्त्रालयले जोड दिनुपर्ने बताउनुभयो ।

सञ्चारीका समूहकी पूर्वअध्यक्ष निर्मला शर्माले नीति तथा कार्यक्रम बजेट महिला पत्रकारमुखी भएर छुट्टै महत्वका साथ आउन आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा नेपाल आदिवासी जनजाती पत्रकार महासङ्घका अध्यक्ष गजुरधन राई, मेधशी पत्रकार समाजका अध्यक्ष मोहन सिंह, दलित पत्रकार सङ्घका अध्यक्ष विनोद पहाडी, सञ्चारीका समूहका अध्यक्ष विमला राई, क्रियाशील महिला पत्रकार (डब्लुडब्लुजे) का उपाध्यक्ष रामकला खड्कालगायतले आमसञ्चार नीतिमा समावेशीताको मुद्दा अनिवार्य समेटनुपर्ने बताउनुभयो ।रासस

# श्रमजीवीको अधिकार सुनिश्चित नभएसम्म देशमा समृद्धि सम्भव नहुने : प्रधानमन्त्री



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले श्रमजीवी वर्गको हकहित र अधिकारको सुनिश्चितता नभएसम्म देशमा सामाजिक न्याय र समृद्धि सम्भव नहुने बताएका छन् ।

एक सय ३५औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा बुधबार संयुक्त ट्रेड युनियन समन्वय केन्द्रद्वारा आज यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले श्रमजीवी वर्गको हकहित र अधिकार सुनिश्चित गर्न सबै पक्ष लाग्नुपर्ने बताए ।

"यही यथार्थलाई आत्मसात गरेर नै नयाँ संविधानमा श्रमिकको हितलाई प्रत्याभूति गरिएको हो," प्रधानमन्त्री दाहालले भने, "उक्त संवैधानिक व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्नु नै वर्तमानमा हाम्रो प्रमुख कार्यभार हो ।" श्रमसम्बन्धी हक र अन्तर ाष्ट्रिय श्रम सङ्गठनको विधान तथा नेपालले अनुमोदन गरेका अभिसन्धिप्रति सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले युवा एवं बौद्धिक जनशक्तिको पलायन रोक्न स्वदेशमा रोजगारीको पर्याप्त अवसर उपलब्ध गराइने विश्वास दिलाएका थिए ।

"युवाको ज्ञान, सीप र ऊर्जा देश विकासमा लगाउन सरकार निरन्तर क्रियाशील छ । स्वदेशमा रोजगारीको पर्याप्त अवसर नभएसम्म रोजगारीको महत्वपूर्ण माध्यमको रूपमा रहेको वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाउनुपर्दछ," प्रधानमन्त्री दाहालले भने, "सरकारले श्रमिकहरूको हित रक्षालाई केन्द्रमा राख्दै विदेशमा रहेका नेपाली, सरकारी, अर्धसरकारी र सामाजिक क्षेत्रमा क्रियाशील श्रमिकका निम्ति योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरी प्रभावकारी कार्यान्वयनसमेत गरिरहेको छ ।"

> प्रधानमन्त्री दाहालले भने, सरकारले श्रमिकहरुको हित रक्षालाई केन्द्रमा राख्दै विदेशमा रहेका नेपाली, सरकारी, अर्धसरकारी र सामाजिक क्षेत्रमा क्रियाशील श्रमिकका निम्ति योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरी प्रभावकारी कार्यान्वयनसमेत गरिरहेको छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको जग बसाइएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संविधानमा व्यवस्था भएको समाजवादउन्मुख संविधान कार्यान्वयनको सबैभन्दा महत्त्वपूर्ण आधार सामाजिक न्याय भएको बताए । सामाजिक न्याय कार्यान्वयनको महत्त्वपूर्ण आधार सामाजिक सुरक्षा कार्यक्रम भएको उल्लेख गर्दै उनले उक्त कार्यक्रम समाजवादी राज्य स्थापनाको आकाङ्क्षा राख्ने सम्पूर्ण जनसमुदायका निम्ति गौरवको विषय भएको बताए ।

लाखौँ श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध भइसकेको परिप्रेक्ष्यमा विदेशमा रहेका नेपाली र अनौपचारिक क्षेत्रका सम्पूर्ण श्रमिकलाई यस कार्यक्रममा समावेश गर्ने प्रक्रिया अगाडि बढिरहेको प्रधानमन्त्री दाहालको भनाइ थियो । 'सबैलाई सामाजिक सुरक्षा' भन्ने राष्ट्रिय लक्ष्य हासिल गर्न आफ्नै निर्देशन र पहलमा वैदेशिक रोजगारीमा जाने श्रमिकको सामाजिक सुरक्षाको सुनिश्चितता गरिएको उल्लेख गर्दै उनले यस कार्यक्रमको कार्यान्वयनमा देखिएका आंशिक चुनौती सामूहिक प्रयासबाट सम्बोधन हुने बताए ।

# नेपाल र चीन सम्बन्धलाई बलियो बनाउन सफल : नेता गुरुङ

**काठमाण्डु** । नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले नेपाल र चीनबीचको सम्बन्धलाई थप बलियो बनाउन सफल भएको दावी गरेका छन् ।

चीनको दश दिने भ्रमण सकेर हालै स्वदेश फिर्ता हुनुभएका महासचिव गुरुङले बुधबार संवाद डबलीद्वारा आयोजित अन्तरसंवाद कार्यक्रममा चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभागको निम्तामा गरेको भ्रमणमा चीन नेपालको शान्ति, समृद्धि र राजनीतिक स्थायित्वका लागि सधैँ तत्पर रहेको उल्लेख गरेका थिए ।

"चिनियाँ उच्च अधिकारीसँगको भेटले हामी उत्साहित छौँ, चीन सधैँ नेपालको समृद्धि, शान्ति र राजनीतिक स्थिरताका लागि सहयोग गर्न तयार छ", उनले भने- "चीनले नेपालमा स्थिर सरकार हेर्न चाहेको छ । कम्युनिस्ट पार्टीहरुबीच सहकार्य होस् भन्ने चाहना राखेको छ ।"

महासचिव गुरुङ नेतृत्वको ३० सदस्यीय टोलीले चीनमा रहँदा चिनियाँ कम्युनिस्ट पार्टी र सरकारका उच्च अधिकारीसँग भेटवार्ता गरेको थियो । भ्रमणले चिनियाँ कम्युनिस्ट पार्टी र माओवादी केन्द्रबीचको सम्बन्धलाई जनस्तरसम्म पुर्‍याउन सहयोग पुग्ने महासचिव गुरुङको विश्वास छ ।

फरक प्रसङ्गमा महासचिव गुरुङले वर्तमान सरकार संसद्को पुरै कार्यकालसम्म टिक्ने बताउनुभयो । "संसद् को बाँकी समयसम्म यही समिकरण जान्छ", उनले भने । नेपालको निर्वाचन प्रणालीका कारण एउटा दलले बहुमत प्राप्त गर्न नसक्ने अवस्थाले सत्ता समिकरण



परिवर्तन भइरहने अवस्था सिर्जना भएको उनको भनाइ थियो । महासचिव गुरुङले भर्खरै भएको तेस्रो लगानी सम्मेलन सफल भएको बताए । देश विकासका लागि मुख्य कुरा आन्तरिक पुँजी भए पनि बाह्य पुँजी भित्र्याएर अगाडि बढ्नुपर्ने उनको सुझाव थियो ।

"देश विकासका लागि आन्तरिक पुँजी मुख्य कुरा हो । तर हाम्रो आवश्यकता र प्राथमिकताका आधारमा बाह्य पुँजी भित्र्याएर रोजगारी सिर्जनासँगै देशलाई समृद्ध बनाउन सकिन्छ । त्यही अनुसार सरकारले तेस्रो लगानी सम्मेलन आयोजना गरेको हो", महासचिव गुरुङले भने । कार्यक्रममा भ्रमण टोलीका सदस्य एवं माओवादी केन्द्रका नेता डा दीपेन्द्र रोकायाले नेपालको विकासका लागि चीनबाट शिक्षा लिन सकिने बताए । भ्रमणको अनुभव सुनाउँदै उनले चीनले जस्तै तीव्र गतिमा विकास गरी नेपाललाई पनि समृद्ध बनाउन सकिने सम्भावना रहेको बताए । औद्योगिकरुपमा सम्पूर्ण देशलाई अगाडि बढाउन नसक्दासम्म देश अगाडि नबढ्ने उनले बताए ।

# श्रमको विभेद हटाउन नीतिगत सुधार आवश्यक रहेको नेपालको भनाई



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले श्रम क्षेत्रका विभेद् हटाउन नीतिगत सुधार आवश्यक रहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा बुधबार विज्ञप्ति जारी गर्दै अध्यक्ष नेपालले श्रमजीवी वर्गको हक, हित तथा अधिकार सुनिश्चित नभएसम्म मुलुकको विकास र रूपान्तरण हुन नसक्ने बताउनुभयो । संविधानले व्यवस्था गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न सम्बद्ध सबै पक्षबाट श्रमको सम्मान र मर्यादा हुनुपर्ने उल्लेख गर्दै उनले मजदुर वर्गको अधिकारका लागि एकतावद्ध सङ्घर्षमार्फत् विजय हासिल गरेको गौरवपूर्ण दिनको रूपमा मनाइने अन्तर्राष्ट्रिय श्रमिक दिवसमा श्रमजीवीलाई शुभकामना दिएका छन् ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसले मजदुरको हक, हित र अधिकार स्थापित गर्न थप प्रेरणा दिने विश्वास व्यक्त गर्दै अध्यक्ष नेपालले सुरक्षित कार्यथलो, उचित पारिश्रमिक, सामाजिक सुरक्षा तथा नीति निर्माणमा श्रमिक वर्गको सहभागितासहित सबै प्रकारका विभेद्को अन्त्य गर्नुपर्नेमा जोड दिएका छन् । श्रमिकको जीवनमा प्रत्यक्ष अनुभूत हुने गरी काम गर्न उनले सरकारसँग आग्रह गरेका छन् । समाजको क्रान्तिकारी रूपान्तरणका लागि सबै प्रकारका विभेद्, शोषण, दमन र अन्यायसँग जुधेर श्रमजीवी वर्गको हितको रक्षा गर्नुपर्ने उनको भनाइ छ ।

लोकतन्त्रका मूल्य मान्यता स्थापित गर्न आफ्नो पार्टी निरन्तर क्रियाशील रहेको उल्लेख गर्दै अध्यक्ष नेपालले भने, "अहिले ठूलो मात्रामा सक्रिय युवा जनशक्ति श्रमका लागि विदेसिएको छ ।

स्वदेशमै रोजगारीको अवसर उपलब्ध गराई उनीहरूको ज्ञान, सीप र ऊर्जा देश विकासमा लगाउन जरुरी छ । अर्कोतर्फ वैदेशिक रोजगारीमा जाने श्रमिकको हक, अधिकार, सुविधा र असल श्रम सम्बन्ध सुनिश्चित गर्न सरकार क्रियाशील हुनुपर्दछ ।"


## Janakpurdham Sub-Metropolitan City
### Office of the Municipal Executive
### Janakpurdham, Dhanusha
### Madhesh Province, Nepal

## Invitation for Electronic Bids

**Date of First publication:2081/01/20 (2nd May 2024)**

1. Janakpurdham Sub-Metropolitan City has allocated funds for Procurement & Construction of below Mentioned Works.Only electronic bids are accepted. For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Contract No. | Description of Work | Bid Security Amount (Nrs.) | Last Date of Bid Submission | Average Annual Turnover Rs.(Without VAT) | Non Refundable (Bid Document Fee.)Rs. |
|---|---|---|---|---|---|---|
| 1. | JSMC/NCB WORKS/ 03/2080-081 | wada no. 3 ma dewaan pokhari saundarykaran tatha nirmaan karya | 8,85,000.00 | 02-06-2024 12:00 pm noon | 2,21,12,865.77 | 5000.00 |

2. Electronic Submission of bids is mandatory. A complete set of Bidding Documents may be obtained from PPMO's eGP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document in the Projects Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Rastriya Banijya bank ,JanakpurJanakpurdham Sub-Metropolitan City
**Office Code no. :** 801021701
**Office Account no.:-**1220100301010007 (Revenue account)
Rajaswa (revenue) **Shirshak no:-**14213
**Dharauti khata No:-**1220100303000007
3..The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.

**Chief Administrative Officer**

# गाजामा युद्धविराम स्थायी हुनुपर्नेमा हमासका अधिकारीको जोड

**एएफपी**

प्यालेस्टिन अधीनस्थ क्षेत्र । प्यालेस्टिनी लडाकू समूह हमासका एक अधिकारीले गाजाका लागि इजराइलको युद्धविराम प्रस्तावको 'अत्यन्त कम समयभित्र' प्रतिक्रिया दिने बताउनुभएको छ । यद्यपि उहाँले कुनै पनि युद्धविराम स्थायी हुनुपर्नेमा जोड दिनुभयो ।



हमासले ४० दिनको युद्धविराम तथा बन्धकहरू र ठूलो संख्यामा प्यालेस्टिनी कैदीहरूको आदानप्रदान योजनाबारे विचार गरिरहेको छ । हमासका एक वरिष्ठ अधिकारी सुहेल अल-हिन्दीले 'अत्यन्त कम समयभित्र समूहले आफ्नो प्रतिक्रिया दिने' बताउनुभयो । यद्यपि उहाँले त्यो कहिले हुने अपेक्षा गरिएको छ भन्नेबारे केही बताउनुभएन।

अज्ञात स्थानबाट फोनमार्फत एएफपीसँग कुरा गर्दै उहाँले कायरोमा वार्ताबाट कतारमा आफ्नो बेसमा फर्केका हमासका दूतहरूले कुनै प्रगति भएको महसुस गरे वा गरेनन् भन्न हतार हुने बताउनुभयो । उहाँले यसको उद्देश्य 'यो यद्धलाई समाप्त गर्नु रहेकामा जोड दिनुभयो । यद्यपि यो दक्षिणी गाजामा आफ्नो विशाल स्थल आक्रमणलाई अगाडि बढाउने इजराइलको दृढ सङ्कल्पसँग बाझिएको जस्तो देखिन्छ । वार्ताको जानकार भएको एक स्रोतले कतारी मध्यस्थकर्ताहरूले एक वा दुई दिनमा हमासको प्रतिक्रिया आउने अपेक्षा गरेको बताएको छ।


> हमासका एक वरिष्ठ अधिकारी सुहेल अल-हिन्दीले "अत्यन्त कम समयभित्र समूहले आषनो प्रतिक्रिया दिने" बताउनुभयो । यद्यपि उहाँले त्यो कहिले हुने अपेक्षा गरिएको छ भन्नेबारे केही बताउनुभएन ।
> अज्ञात स्थानबाट फोनमार्फत एएफपीसँग कुरा गर्दै उहाँले कायरोमा वार्ताबाट कतारमा आषनो बेसमा फर्केका हमासका दूतहरुले कुनै प्रगति भएको महसुस गरे वा गरेनन् भन्न हतार हुने बताउनुभयो ।

स्रोतका अनुसार इजराइलको प्रस्तावमा 'वास्तविक सुविधाहरू' समावेश छन् । यसमा युद्धमा प्रारम्भिक विराम र बन्धक तथा कैदीहरूको आदानप्रदानपछि ' दिगो शान्ति' को अवधि समावेश गरिएको छ। स्रोतले गाजा क्षेत्रबाट इजराइलको फिर्तीको विवाद सम्भावित मुद्दा बनेको बताएको छ। इजराइली सरकारले 'बुधबार रातिसम्म जवाफको प्रतीक्षा गर्ने' र सम्झौतालाई अन्तिम रूप दिन कायरोमा दूतलाई पठाउने वा नपठाउने भन्नेबारे पुनः 'निर्णय गर्ने' एक इजराइली अधिकारीले एएफपीलाई बताए।

# 'डिजिटल रूपान्तरण प्राथमिकतामा'

**सिन्ह्वा**

बैङ्कक । एसिया प्रशान्त क्षेत्रमा डिजिटल रूपान्तरणका अवसरहरू खोज्न र डिजिटल विकासलाई एसियाली कम्पनीहरूले प्राथमिकताका साथ अघि बढाउने प्रतिवद्धता जनाएका छन् । चिनियाँ प्रविधि कम्पनी हुवावे र आसियान फाउन्डेसनको आयोजनामा बैङ्ककमा एशिया प्रशान्त क्षेत्रीय डिजिटल तथा बौद्धिकता सम्मेलन-२०२४ आयोजना गरिएको हो।



सोमबारदेखि सुरू भएको दुई दिने उक्त सम्मेलनमा एसिया-प्रशान्त क्षेत्रका १५ देश र सार्वजनिक तथा निजी क्षेत्रका दूई हजारभन्दा बढी सहभागीहरूलाई अग्रणी डिजिटल तथा वौद्धिकता पूर्वाधारको प्रयोगका लागि जोड दिइएको छ। भिडियो सन्देशमार्फत् आफ्नो उद्घाटन समारोहमा बोर्डका उपाध्यक्ष र हुवावेका प्रमुख वित्तीय अधिकारी मेङ वान्झाउले भन्नुभयो, "एशिया-प्रशान्त अन्य क्षेत्रहरूका लागि डिजिटल प्रेरणा र आफ्नो डिजिटल अर्थतन्त्रको विकास गर्न खोजिरहेको र तिनीहरूका लागि रोल मोडेल बनेको छ।"

अनुसन्धान र विकासमा लगानी गर्न हुवाव उत्सुक रहेको र ग्राहकहरूको लागि उपयोगी सिर्जना गर्न र एशिया-प्रशान्त क्षेत्रका मानिसहरूलाई डिजिटल र बौद्धिक प्रविधिहरूका फाइदाहरू पुऱ्याउन साझेदारहरूसँग खुला रूपमा सहकार्य गनतर्ुफ आफ्नो ध्यान जारी राख्ने मेङले बताउनुभयो।

उक्त अवसरमा बोल्दै थाई डिजिटल अर्थतन्त्र र समाजका मन्त्री प्रसर्ट जन्तरारु आङटोङले भन्नुभयो, "थाइल्यान्डले राष्ट्रिय विकासका लागि आवश्यक नीति बनाई डिजिटल रूपान्तरणलाई प्राथमिकता दिइरहेको छ। यसले डिजिटल अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक बनाउनको लागि प्रमुख चालकको रूपमा विकास गर्ने लक्ष्य राखेको छ।"

# नेपालको वेस्ट इन्डिज 'ए'सँग लज्जास्पद हार




**टुडे समाचारदाता**

काठमाण्डु । टी-ट्वान्टी शृंखलाको तेस्रो खेलमा नेपाल वेस्ट इन्डिज 'ए'सँग ७६ रनले पराजित भएको छ । जितका लागि दुई सय २८ रनको विजयी लक्ष्य पच्छाएको नेपालको पारी १९ दशमलव २ ओभरमा सवै विकेट गुमाउँदै एक सय ५१ रनमा समेटियो।

नेपालका लागि करण केसीले २८, लोकेश बमले २८, कुशल मल्लले २०, विनोद भण्डारीले १९, अनिल साहले १४, कप्तान दीपेन्द्रसिँह ऐरीले ७, गुल्सन झाले ६ तथा विवेक यादव, सागर ढकाल र आरिफ शेखले समान तीन तीन रन बनाए। करणले १७ बल खेल्दै तीन चौका र एक छक्का प्रहार गरे। बमले २९ बलमा एक चौका र दुई छक्का हाने । नेपाललाई एक सय ५१ रनमा समेट्ने क्रममा वेस्ट इन्डिज 'ए'का हायडेन वाल्सले तीन, गुदाकेश मोतीले दुई तथा फबिएन एलेन, म्याथ्यु फर्ड र ओबेद म्याककोयले एक एक विकेट लिए।


त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको वेस्ट इन्डिज 'ए'ले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै दुई सय २७ रनको योगफल बनायो । वेस्ट इन्डिज 'ए'का लागि जोनसन चार्ल्सले शतकीय पारी खेले। उनले ६१ बलमा १३ चौका र सात छक्काको मद्दतमा एक सय १९ रन बनाए। यस्तै आन्द्रे फ्लेचरले ५३ रन बनाए। उनले ३३ बल खेल्ने क्रममा चार चौका र र तीन छक्का हाने। यस्तै फबिएन एलेनले १९, एलिक एथानाजेले १७ तथा किमो पलले अविजित १३ रन बनाए।

बलिङतर्फ नेपालका लागि करण केसी र सागर ढकालले एक एक विकेट लिए। पाँच खेलको जारी शृखंलामा वेस्ट इन्डिज ' ए' दुई तथा नेपाल एक खेलमा पजयी भएको छ। पहिलो खेलमा नेपालले वेस्ट इन्डिज 'ए'लाई चार विकेटले हराएको थियो । नेपाल दोस्रो खेलमा वेस्ट इन्डिज 'ए'सँग १० रनले पराजित भएको थियो । शृंखलाको चौथो खेल बिहीबार हुनेछ।

# नासा र बोइङद्वारा स्टारलाइनरको पहिलो क्रु मिसन अन्तरिक्ष स्टेशनमा पठाउने

**सिन्ह्वा**

लस एन्जलस । अमेरिकी अन्तरिक्ष निकाय (नासा) र बोइङले अगामी सोमबार अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आईएसएस) मा चालक दलको उडान परीक्षण मिशन सुरु गर्ने तयारी गरेका छन् । स्टारलाइनर अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन र अन्य कम दूरीका गन्तव्यहरूमा चालक दललाई ढुवानी गर्न बनाइएका दुई आंशिक रूपमा पुनः प्रयोज्य अन्तरिक्ष यानहरूको वर्ग हो।



यो बोइङले नासाको व्यावसायिक कार्यक्रमसँग 'एङ्कर' ग्राहकको रूपमा निर्माण गरेको हो ।अमेरिकी बहुराष्ट्रिय कम्पनी बोइङले हवाइजहाज, रोटरक्राफ्ट, रकेट, स्याटेलाइट र मिसाइल डिजाइन, निर्माण र बिक्री गर्छ ।यो मिसन नासाको 'व्यावसायिक चालकदल कार्यक्रम'को भागको रूपमा बोइङको स्टारलाइनर अन्तरिक्ष यानको पहिलो मानवसहितको प्रक्षेपण हुनेछ।

यो अन्तरिक्ष यान युनाइटेड लन्च एलायन्स एटलस वी रकेटमा १०:३४ बजे फ्लोरिडाको केप क्यानाभेरल स्पेस फोर्स स्टेशनबाट प्रक्षेपण गर्ने तयारी गरिएको छ । उडान परीक्षणले नासाका अन्तरिक्ष यात्री बुच विल्मोर र सुनी विलियम्सलाई स्टारलाइनर अन्तरिक्ष यान र यसको उपप्रणाली परीक्षण गर्न लगभग एक हप्ताको लागि आईएसएसमा लैजानेछ।

स्टारलाइनरले आगामी बुधवार (मे ८) मा १२:४८ मा स्पेस स्टेशनको हार्मनी मोड् युलको अगाडि अवतरण गर्ने तालिका छ।

# पाकिस्तान र इरानबाट दुई हजार भन्दा बढी अफगान आप्रवासी निर्वासित

**एएनआई**

इस्लामाबाद । पाकिस्तान र इरानले निष्कासन गरेपछि दुई हजारभन्दा बढी अफगान आप्रवासीहरू अफगानिस्तान फिर्ता गराएको तालिबानको नेतृत्वमा रहेको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयलाई उद्धृत गर्दै टोलो न्युजले जनाएको छ ।मन्त्रालयका अनुसार सोमबार देशको प्रहरीले निष्कासन गरेपछि दुई सय ६० अफगान आप्रवासी पाकिस्तानबाट काबुल फर्केका छन्।

यसैबीच दुई हजार तीन सय ६८ अफगान आप्रवासीहरू सोही दिन इरानबाट अफगानिस्तानमा पुनः प्रवेश गरेको खामा प्रेसले जनाएको छ।



आप्रवासीहरू नानगाहार प्रान्तको तोरखाम सीमा हुँदै देशमा फर्केको जनाइएको छ । फर्केका व्यक्तिहरू हेरात प्रान्तको इस्लाम काला सीमा पार गरेर अफगानिस्तानमा प्रवेश गरेको अधिकारीहरूले बताएका छन् ।हालैका महिनाहरूमा इरान र पाकिस्तानबाट अफगान आप्रवासीहरूको निष्कासन तीव्र भएपछि तालिबानको शरणार्थी मन्त्रालयले इरानबाट आप्रवासीहरूको फिर्तीको घोषणा गरेको छ । यसअघि एम्नेस्टी इन्टरनेसनलले पाकिस्तानबाट अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने योजना तत्काल रद्द गर्न आह्वान गर्दै यो योजना अन्तर र्राष्ट्रिय मानव अधिकार कानून र शरणार्थी कानून विपरीत भएको उल्लेख गरेको थियो ।

यसैबीच तालिबानका कार्यवाहक शरणार्थी तथा स्वदेश फिर्ती मामिलामन्त्रीले पाकिस्तानलाई अफगान आप्रवासीको मुद्दा द्विपक्षीय समझदारीको ढाँचाभित्र समाधान गर्न आग्रह गर्नुभएको थियो ।

पाकिस्तानबाट कागजातविहीन अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने पहिलो चरण नोभेम्बर २०२३ देखि सुरु भएको थियो । मानव अधिकारवादी सङ्गठन तथा तालिबानले पाकिस्तानको कार्यको आलोचना गरेका छन् । यद्यपि पाकिस्तानी सरकारले यो कुनै जातीय समुदाय निर्देशित प्रक्रिया नभएकोमा जोड दिएको छ ।

# अफगानिस्तानको मस्जिदमा आक्रमण, सुरक्षाका लागि भक्तजनको अपिल

> अहिलेसम्म कुनै पनि समूहले आक्रमणको जिम्मेवारी लिएको छैन । घटनाको अनुसन्धान जारी छ ।

**एएनआई**

काबुल ।अफगानिस्तानको हेरात प्रान्तका मङ्गलबार मस्जिदमा भएको आक्रमणमा एक महिला र एक बालकसहित पाँच जानाको मृत्यु भएपछि आफुहरूको सुरक्षाका लागि भक्तजनहरूले प्रशासनसँग आग्रह गरेका छन् ।



सुरक्षा अधिकारीहरूका अनुसार आक्रमणकारीको पहिचान अहिलेसम्म खुल्न सकेको छैन।बन्दुकधारीलेसाँझकोप्रार्थनाका क्रममा पश्चिमी हेरातको गुजारा जिल्लाको मोहम्मदीयामा रहेको मस्जिदमा आक्रमण गरेका थिए ।हेरातका बासिन्दा मोहम्मद जमानले प्रार्थनास्थल सुरक्षित गर्न आह्वान गर्दै सरकारले सबै मस्जिदहरू सुरक्षित राख्नुपर्ने विषयमा ध्यान दिनु समग्र राष्ट्रवासीको माग भएको बताउनु भएको छ । यसैबीच, राज्यले सुरक्षाको जिम्मा लिनुपर्ने बताउदै आगामी दिनमा नागरिकको सुरक्षाको सुनिश्चितताका लागि आग्रह गरेको अर्का बासिन्दा असदुल्ला किमेटलाई उद्धृत गरी टोलोन्यूज जनाएको छ । हेरात सहरको पश्चिममा रहेको जाबरियालको छिमेकमा बन्दुकधारीहरूले दुई शिया पादर ीसहितका बासिन्दाहरूलाई आक्रमण गरेको पाँच महिनापछि यो अर्को आक्रमण भएको हो । उक्त आक्रमणमा दुई जना महिलासहित छ जनाको मृत्यु भएको थियो।

हेरातका बासिन्दाहरूले आफ्नो प्रान्तमा आक्रमण गर्ने दोषीहरूको यथाशीघ्र पहिचान गरी उचित सजाय हुनुपर्ने माग गरेका छन्। अहिलेसम्म कुनै पनि समूहले आक्रमणको जिम्मेवारी लिएको छैन। घटनाको अनुसन्धान जारी छ।

# अस्ट्रेलिया महिलाविरूद्धका हिंसात्मक गतिविधि नियन्त्रणका लागि प्रतिबद्ध

**सिन्ह्वा**

क्यानबेरा । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले महिलाहरूलाई हिंसात्मक सम्बन्ध छोड्न मद्दत गर्नको लागि नयाँ कोषको घोषणा गर्नु भएको छ । लैङ्गिक हिंसालाई सम्बोधन गर्न सङ्घीय, तथा क्षेत्रीय नेताहरूको आपतकालीन बैठकपछि, अल्बनिजले हिंसात्मक सम्बन्ध छोड्न सघाउने कार्यक्रम स्थापना गर्न पाँच बर्षमा नौ करोड २५ लाख अष्ट्रेलियाली डलरको घोषणा गर्नुभएको हो।



लैङ्गिक हिंसा अन्त्य गर्न माग गर्दै हजारौं अस्ट्रेलियालीहरूले गरेको प्रदर्शनमा अल्बानीजले क्यानबेरामा प्रदर्शनकारीहरूलाई सम्बोधन गर्दै महिलाविरुद्धको हिंसालाई राष्ट्रिय सङ्कटको रूपमा वर्णन गर्नुभयो । राष्ट्रिय न्यायका लागि क्रियाशिल समूह 'डिस्ट्रोय द जोइन्ट'का अनुसार अस्ट्रेलियामा सन् २०२३ को पहिलो चार महिनामा १२ जनाको मृत्यु भएकोमा सन् २०२४ मा यो सङ्ख्या २८ पुगेको छ।

यसअघि बुधबार नै एक विज्ञप्ति जारी गरी प्रधानमन्त्री अल्बानिजले महिला र बालबालिकाविरुद्धको हिंसाको रातारात समाधान हुन नसक्ने हृदयविदारक वास्तविकता भएको बताउनुभएको छ।

उहाँले यो घोषणाले कम महिलाहरूले हिंसात्मक सम्बन्धमा फसेको महसुस गर्ने हाम्रो प्रयासलाई सहयोग गर्ने उल्लेख गर्नुभयो।

बुधबारको बैठकमा नेताहरूले डिजिटल समस्या नक्कली पोर्नोग्राफीको सिर्जना र वितरणमा प्रतिबन्धसहित अनलाइन समस्या सम्बोधन गर्न नयाँ उपायहरू कार्यान्वयन गर्न सहमत भएका छन् ।"डिजिटल सामग्री महिला तथा केटीविरुद्धको दुर्व्यवहारको हानिकारक रूप भएकाले पीडितहरूलाई गहिरो हानि पुऱ्याउने महान्यायाधिवक्ता मार्क ड्रेफसद्वारा जारी अर्को छुट्टै एक विज्ञप्तिमा जनाउनुभयो।

# जापानमा ९० लाख घर खाली

**सिन्ह्वा**

टोकियो ।जापानमा खाली घरहरूको संखया सन् २०२३ अक्टोबरसम्ममा ९० लाख पुगेको छ । यो संखया सन् २०१८ मा गरिएको सर्वेक्षणमा देखिएकोभन्दा पाँच लाख १० हजारले बढेको पछिल्लो सरकारी तथ्याङ्कले देखाएको छ।

उक्त संखया जापानमा कुल घर संखयाको १३.८ प्रतिशत हुन आउछ । जापानमा औषतमा सात घरमध्ये एक घर रिक्त रहेको मङ्गलबार प्रकाशित आन्तरिक मामिला मन्त्रालयको सर्वेक्षण रिपोर्टले पुष्टि गरेको छ।

स्रोतले घरहरू खाली हुनुलाई विदेशमा सन्तान भएका वा सन्तान नभएका वृद्धहरूको स्वामित्वमा रहेका घरहरू उनीहरूको मृत्युपछि वा उनीहरू वृद्धाश्रममा बस्न थालेपछि खाली भएका हुन् । खाली घरहरू मध्ये, ४४ लाख ३० हजार भाडामा लगाइएका छन् भने तीन लाख ३० हजार बिक्रीका लागि छन् । त्यसैगरी तीन लाख ८० हजार खाली घरहरू छुट्टीका समय प्रयोग गरिने गर्छ।

# विश्व श्रमिक दिवस : कच्ची घरमा बसेर महल ठड्याउने 'रुवि'




महेन्द्रनगर । कैलालीको कैलारी गाउँपालिका-३ का ३१ वर्षीय रुवि चौधरीको गाउँमा सानो कच्ची घर छ। आर्थिक अवस्था दयनीय भएकै कारण पक्की घरमा बस्ने सपना पूरा नभएको बताउने रुविले निम्न माध्यमिक तहको अध्ययन पूरा गर्न सक्नुभएन।

घरको अवस्थाकै कारण २० वर्षे तन्नेरी अवस्थामा घर बनाउने काममा मजदुरी सुरु गरेका उहाँले दशकपछि मिस्त्री काम गरेर घर बनाउन जान्नुभयो तर आफ्नो कच्ची घर अझै पक्कीमा परिणत गर्न सक्नुभएको छैन। आज अन्तर र्ष्ट्रिय श्रमिक दिवस मनाइँरदा रुवि दिवसको प्रवाह नगरी महेन्द्रनगर स्थित एयरपोर्ट रोडमा घर बनाउने काममा खटिनुभएको छ।

एक दशकदेखि घर बनाउने काममा लागेका उहाँले धनगढी र महेन्द्रनगरमा गरेर ३५ देखि ४० ठूला र साना गरी पक्की घर बनाएको सुनाउनुभयो । "ज्याला मजदुरीका क्रममा अरूका पाँचतले महलसम्म बनाए तर समयसापेक्ष हाम्रो ज्याला दर बढ्न सकेन", उहाँले भन्नुभयो, "मजदुरीको पैसा जम्मा गरेर सानो भए पनि पक्की घर बनाउँला, परिवार राखौँला सोचेको अझै पूरा हुने छाँट छैन।"

रुविसँगै उहाँका भाइ पनि कैलालीमा घर बनाउने काममै सक्रिय हुनुहुन्छ । दुईजनाको कमाईले घर खर्च मुस्किलले टर्ने गरेको उहाँको भनाइ छ । "मिस्त्रीको दैनिक रु एक हजारदेखि एक हजार दुई सयसम्म ज्याला छ", उहाँले भन्नुभयो, "लेबरीमा खटिनेको त झन् रु पाँच सय ७५ मात्रै छ।" बुबा/आमाको जेठो छोरा रुविले घर बनाउने मिस्त्री काममा लागेपछि मन लगाएर खटिरहेको बताउनुभयो।

"ज्याला मजदुरी गर्न विदेश जान पनि त पैसा लाग्छ", उहाँले भन्नुभयो, "तीन महिनाको तालिम गरेर मिस्त्री काम थालेको वर्षौं भइसक्यो ।" कञ्चनपुरको महेन्द्रनगरमा एक वर्षअघि मात्रै मिस्त्री कामका लागि आएका उहाँले यहाँ कामको भने अभाव नरहेको बताउनुभयो । "यहाँ बास बस्ने डेरा पनि लिएको छैनौँ", उहाँले भन्नुभयो, "जहाँ घर बनाउन सुरु गर्‍यौँ, त्यही त्रिपाल टाँगेर रात काट्छौँ।"

त्यसैगरी, कैलारी-७ भुइँयाफाँटाका २२ वर्षीय दीपक चौधरी पनि महेन्द्रनगरमा घर बनाउने काममा मजदुरी गरिरहेको अवस्थामा आज भेटिनुभयो। "मजदुर दिवस भनेको के हो थाहा नै छैन", उहाँले राससससित भन्नुभयो, "दिवस मनाएर बसे बेलुकी के खाने ?" उहाँले दिवस मनाउनुभन्दा पनि मजदुरहरुको हकहित र सुरक्षामा ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

"यत्रो महँगीको जमानामा रु पाँच सय दिनको ज्यालाले के हुन्छ र ?", एसइईसम्मको अध्ययन गरेका दीपकले भन्नुभयो, "पुस्तौँदेखि कच्ची घरमा बसेका हामी मजदुर कमाएर कहिले पक्की घरमा बस्ने टुङ्गो नै छैन ।" उहाँले समयक्रमअनुसार मजदुरहरुको ज्याला पनि वृद्धि गर्दै लैजानुपर्नेमा जोड दिनुभयो।

"रु पाँच सय ज्यालाले खर्च त चल्दैन् तर पनि बाध्यताले जेनतेन चलाउनु त परिहाल्यो", उहाँले भन्नुभयो, "मुलुकको समृद्धिमा मजदुरको भूमिका महत्वपूर्ण भए पनि हामीहरुको अवस्थामा सुधार आउन सकेन।" त्यसैगरी घर बनाउने कामको ठेक्का लिने ठेकेदारको सम्पर्कमा रहेर महेन्द्रनगरमा विगतदेखि मिस्त्री काम गर्दै आएका कैलारीकै शिवकुमार चौधरीको पनि छाक टार्न नै चर्को काम नभनी काममा सक्रिय हुनुहुन्छ।

"घरमा भएको १० कट्ठा जमिनले खानसम्म पुग्छ", उहाँले भन्नुभयो, "त्यो बाहेकको सबै खर्च मजदुरीबाटै चलाएको छु।" धनगढी हुँदै कामको शिलशिलामा महेन्द्रनगर पुगेका उहाँले पनि यहाँ दर्जनौँ घर निर्माण गरिसक्नुभएको छ। "हामी त अरूका पक्की घर बनाउँदै जिन्दगीको महत्वपूर्ण समय बिताउने भयौँ", उहाँले भन्नुभयो, "कमाएर परिवारसहित पक्की घरमा कहिले बस्न पाइने हो, त्यो सपना जस्तै छ।"

मजदुरीबाट घर बनाउने काममा लागेका शिवकुमारले पनि दातृ निकायबाट तीनमहिने तालिम लिएर मिस्त्री काममा लागेको बताउनुभयो । त्यसैगरी, बर्दिया राजापुरका रामबहादुर चौधरीले महेन्द्रनगरमा काम गर्न थालेको नौ वर्ष भयो। सुरुआतमा घर बनाउने काममा मजदुरीबाट सुरु गरेका चौधरीले मिस्त्री, सटरिङको काम हुँदै अहिले घर बनाउने ठेक्का लिन थाल्नुभएको छ।

"मजदुरीबाट सुरु गरेको अहिले अघि बढ्दै जाँदा १२ जना काम गर्ने मसितै छन्", उहाँले भन्नुभयो, "मिस्त्री काम गर्दा बिहान साँझ अटो चलाउने र दिउँसो घर बनाउने काम पनि गर्रें।

" उहाँले हाल सो कामबाट मासिक रु ४० देखि ४५ हजार कमाउने गरेको बताउनुभयो।

"यही कमाईबाट भीमदत्त नगरपालिका-२ महुलियामा १५ धुर जग्गा किनेर घर पनि बनाएँ", उहाँले भन्नुभयो, "गाउँ बर्दिया राजापुरमा भने अझै कच्ची घरमै छौँ।

" उहाँले मिस्त्री हुँदादेखि घर बनाउने ठेक्का लिने अवस्थासम्म आइपुग्दा यहाँ ४०/५० को हाराहारीमा पक्की घर बनाएको बताउनुभयो।रासस

# श्रमिक दिवसले नछोएका अनौपचारिक क्षेत्रका कामदारहरु



**काठमाण्डु** । काठमाडौँको पुरानो बानेश्वरस्थित एक निर्माणस्थलमा भेटिएकी उदयपुरकी सरिता परियार आफूलाई सार्वजनिक बिदा वा अन्तर्राष्ट्रिय श्रमिक दिवसले खान लाउन नदिने ठानेर सदाझैँ नियमित काममा खटिनुभएको छ।

वास्तवमै अनौपचारिक क्षेत्रका श्रमिकको पहुँच राजनीतिक उच्च र नीति निर्माणको तहमा पुग्न गाह्रो हुनेरहेछ । अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा सार्वजनिक बिदा भए पनि अनौपचारिक क्षेत्रका श्रमिक नियमित काममै व्यस्त रहनुले यही कुराको छनक दिन्छ।

सरकारी बिदाको दिन भए पनि दुई बच्चालाई घरमा खाजाको व्यवस्था गरेर आफू खाना बोकेर बिहानै घरबाट काममा निस्किएको परियारको भनाइ छ । "महिला भएपछि ज्यामी सिमेन्ट, बालुवा बोक्ने, तिनलाई घोल्नेजस्ता काम गर्न झन गाह्रो हुँदोरहेछ", मध्याह्नको घाममा काम गर्दा गर्दै निधारको पसिना पुछ्दै उहाँले रासससँग भन्नुभयो, "भनेजस्तो काम नभए पनि यही भए पनि गर्नुको विकल्प छैन। यसमा पनि सोचे जति पैसा पाइन्नँ। दिन्छु भनेर वाचा गरिएका पैसा पनि समयमा पाइँदैन।" गत महिना एक निर्माणस्थलमा गरेको कामको रु पचास हजार अझै ठेकेदारसँग लिन बाँकी रहेको र ठेकेदारले झुलाइरहेको उहाँको गुनासो छ। सरिताले ज्यामी काम गरेर भए पनि दुई सन्तानलाई निजी विद्यालयमा पढाइरहनुभएको छ।

भृकुटीमण्डपमा गरिएको विशेष समारोहमा औपचारिक क्षेत्रका श्रमिक र विभिन्न दल निकट श्रम सङ्गठनका कार्यकर्ता भेला भए पनि अनौपचारिक क्षेत्रका अधिकांश श्रमिक भने आफ्ना नियमित काममै व्यस्त रहेका पाइए । दिनभरि भारी नबोकी वा काम नगरी बेलुका छाक टार्न मुस्किल पर्ने श्रमिकलाई सभा-समारोहमा कमै बोलाइन्छ। उनीहरुलाई बोलाइए पनि काम छोडेर जान मान्दैनन्। सबैको नेतृत्व गर्ने राजनीतिले नै हो तर भाषण र प्रतिबद्धताअनुसार श्रमिकका पक्षमा पर्याप्त काम नभएका कारण अनौपचारिक क्षेत्रका श्रमिकले दिवसका औपचारिक कार्यक्रममा ध्यान दिन नचाहेको पाइयो।

मैतीदेवीमा रिक्सा चलाइरहेका सिन्धुलीका जीवन बुढाथोकी भने पुरुष भएकाले र सामान ओसारपसारको काम भएकाले प्रायः कामको हाताहाती नै कारोबार हुने हुँदा अहिलेसम्म ठगिनु नपरेको बुझाइ छ। "कुनै दिन त कामको चाप हुन्छ । असिनपसिन भएर काम गरिन्छ। उस्तै परे रु चार/पाँच हजारसम्म कमाइ हुन्छ, कुनै दिन एक हजार पनि हुँदैन", ढाडको समस्याका कारण आजभोलि ठूला ठूला भारी बोक्ने काम भने आफूले गर्न नसक्ने भएकाले भतिजालाई पनि साथमै ल्याएर दुई जना भएर एउटै रिक्साबाट काम गर्दै आउनुभएको छ । भतिजा किरण बुढाथोकी यसअघि एक कार्यालयमा सुरक्षा गार्डका रुपमा काम गर्नुहुन्थ्यो । महिनामा रु २२ हजार पाउन आठ/नौ घण्टा उभिनुपर्ने र नचिनेका मान्छेलाई पनि ढोकामा सलाम ठोक्नुपर्ने हुन्थ्यो। त्यो काम छोडेर अहिले किरण काकासँगै ज्यामी काममा भिड्नुभएको छ।

अनौपचारिक क्षेत्रका श्रमिका बारेमा कानुन र नीति स्पष्ट छैन। संयुक्त ट्रेड युनियन समन्वय केन्द्रद्वारा आज आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले श्रमजीवी वर्गको हकहित र अधिकार सुनिश्चित गर्न उहाँले आगामी दिनमा श्रमिक र मजदुरको हितलाई केन्द्रमा अनौपचारिक क्षेत्रका श्रमिकको पारिश्रमिक बढाउन आफू लागिपर्ने बताउनुभएको छ । श्रमजीवी वर्गको हकहित र अधिकारको सुनिश्चितता नभएसम्म देशमा सामाजिक न्याय र समृद्धि सम्भव नहुने उहाँको ठोकुवा रहेको छ। उच्च तहका प्रतिबद्धताको कार्यान्वयन हुने हो भने अनौपचारिक क्षेत्रका श्रमिकले सम्मानपूर्वक ज्याला पाउनेमा विवाद छैन।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आजै 'कानुन' कार्यक्रममार्फत श्रमिकलाई कानुनीरूपमा सक्षम बनाउने घोषणा गरेको छ। विसं २०८० वैशाख १ गतेदेखि अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा समेट्ने गरी गत मङ्सिर २५ गते अनौपचारिक क्षेत्रमा रहेका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालनसम्बन्धी कार्यविधि मन्त्रालयले स्वीकृत गरेको थियो। यही वैशाख १ गतेदेखि नै कोषमा समेट्ने भनिए पनि तयारी नपुगेको जनाइएको छ।रासस

> "श्रमजीवी वर्गको हकहित र अधिकारको सुनिश्चितता नभएसम्म देशमा सामाजिक न्याय र समृद्धि सम्भव नहुने उहाँको ठोकुवा रहेको छ । उच्च तहका प्रतिबद्धताको कार्यान्वयन हुने हो भने अनौपचारिक क्षेत्रका श्रमिकले सम्मानपूर्वक ज्याला पाउनेमा विवाद छैन ।

# साढे चार प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्छौं : अर्थमन्त्री पुन

**काठमाण्डु** । अर्थमन्त्री वर्षमान पुनले मुलुकको अर्थतन्त्र शिथिलताबाट बाहिर आउन थालेको बताउनुभएको छ। यहाँ आज आयोजित 'दिगो विकासका लागि वित्त नीति' विषयक कार्यशालालाई सम्बोधन गर्नुहुँदै उहाँले अर्थतन्त्रमा सकारात्मक सङ्केत देखा परेको र चालु आर्थिक वर्षमा नेपालले साढे चार प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने विश्वास व्यक्त गर्नुभयो।

चालु आवको बजेट बजेटमार्फत सरकारले छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर, राष्ट्रिय तथ्याङ्क कार्यालयले मङ्गलबार चालु आव २०८०/८१ को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सार्वजनिक गर्दै तीन दशमलव ५४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान सार्वजनिक गरेको थियो । तर यो अनुमानभन्दा बढी अङ्कको आर्थिक वृद्धिदर हासिल हुने अर्थमन्त्री पुनले दाबी गर्नुभयो।

"हाम्रो अर्थतन्त्रमा थोरै शिथिलता छ। स्वभाविक रुपमा यसका आन्तरिक र बाह्य कारण छन् । तथ्याङ्कहरुले विस्तारै त्यसमा सुधार देखाएको छ । विश्व बैंकले तीन दशमलव तीन, एसियाली विकास बैंकले तीन दशमलव छ र हिजो मात्रै राष्ट्रिय तथ्याङ्क कार्यालयले तीन दशमलव ५४ प्रतिशतको आर्थिक वृद्धि हुन्छ भनेको छ", उहाँले भन्नुभयो, "यी सबै नौ महिनाका प्रक्षेपण हुन् । आव अझै तीन महिना बाँकी छ । केही पुँजीगत खर्च बढ्छ । हामीले केही सकारात्मक प्रयत्नहरु गरेका छौँ। अर्थ मन्त्रालयले चार दशमलव पाँच प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि हुन्छ भन्ने अनुमान गरेको छ।"

यद्यपि, अझै पनि ढुक्कैले अर्थतन्त्र राम्रो भयो भन्ने अवस्थामा नरहेको उहाँको भनाइ थियो। अर्थमन्त्री पुनले विश्वको आर्थिक र राजनीतिक परिदृश्य, श्रम बजारको अवस्था तथा श्रम शक्ति, आन्तरिक प्राकृतिक स्रोत तथा भूराजनीतिमा टेकेर नेपालले आर्थिक नीति बनाउनुपर्नेमा जोड दिनुभयो ।नेपाल विश्व अर्थतन्त्रका दुई उदयीमान देशहरु भारत र चीनको बीचमा रहेकाले ती मुलुकको बजार हेरेर सरकारले नीति बनाइरहेको उहाँको भनाइ छ। आर्थिक शिथिलताकै बीचमा पनि चालु आवमा होटल तथा पर्यटन क्षेत्रमा २१ प्रतिशत र ऊर्जा क्षेत्रमा १७ प्रतिशतको आर्थिक वृद्धि भएको अर्थमन्त्री पुनको भनाइ छ । निर्माण क्षेत्रमा भने वृद्धिदर ऋणात्मक देखिएकाले त्यसमा सुधार गर्न सरकार प्रयासरत रहेको बताउनुभयो।



नेपालमा राजनीतिक अस्थिरताका कारण विकास हुन सकेन भन्ने भाष्य आफूले नस्वीकार्ने पनि अर्थमन्त्री पुनको भनाइ छ । सरकारले लिएका ऊर्जासम्बन्धी नीतिको निरन्तरताका कारण नेपालले भारत र बङ्गलादेशमा विद्युत् निर्यात गर्नसक्ने अवस्था बनेको उहाँले उल्लेख गर्नुभयो ।रासस

# मजदुरीमै बित्यो जीवन

**काठमाण्डु** । निधारमा दाम्लोको दाग साक्षी छ, उहाँ मजदुरी गर्नुहुन्छ। दिनभरी पाखुरा खियाएपछि मात्रै उहाँको घरमा बेलुकाको छाक टर्छ। आज विश्वले एक सय ३५औँ मजदुर दिवस मनाइरहँदा धादिङकी मनसुरा विसीलाई मजदुरी नगरी सुख्खै थिएन। सधै झैँ कम्मरमा पटुकी बेरेर उहाँ इँटा, बालुवा र ढुङ्गा बोक्न जानुभयो।

विसीलाई मजदुर दिवसको अर्थ थाहा छैन, तर उहाँले आधा जीवन मजदुरीमै बिताइसक्नुभएको छ। बानेश्वरस्थित एउटा बन्दै गरेको घरमा उहाँले इँटा र बालुवा ओसार्ने काम पाउनु भएको छ। "शारीरिक रुपले जति कठिन काम छ, उति नै जोखिम पनि छ", उहाँ भन्नुहुन्छ, "यही काम पाउन पनि ६ महिना कुर्नुपर्‍यो।" विसीका लागी श्रम गर्न पाउनु नै ठूलो उपलब्धि हो। त्यो भन्दा महत्वपूर्ण समयमै भनेजति पारिश्रमिक पाउनु हो। धादिङबाट उहाँ दुईवर्ष अघि काठमाडौँ परिवारसहित आउनुभएको हो।

काठमाडौँमा रोजगारी पाउने आशा बोकेर आउनुभएकी विसी द्ःुख गरे अनुसार पारिश्रमिक नपाएको बताउनुहुन्छ। "दिनभरी काम गर्‍यो, साहुले भने जति ज्याला दिँदैन," उहाँ भन्नुहुन्छ,"काम नगरौँ केटाकेटी भोकै पर्छन् भन्ने चिन्ता हुन्छ।"

ठेकेदारमार्फत रकम बुझ्ने हुँदा पूरै पारिश्रमिक नपाउने गरेको विसी बताउनुहुन्छ। "रकम थोरै भयो भन्यो भने अरुलाई काममा लैजान प्रतिस्पधा चल्छ। त्यसैले जस्तोसुकै अन्याय भए पनि सहनुपर्ने अवस्था छ", विसीले भन्नुभयो-" बेरोजगारी धेरै छ, थोरै ज्यालामा पनि काम गरिहाल्छन्, अझै महिलालाई त आधाको पनि आधा पारिश्रमिक दिने चलन छ।"

यस्तै शंखुवासभाकी राममती तामाङ पनि घर बनाउन मजदुरी गर्नुहुन्छ। महिनाभरि एउटाको घरमा कपडा धुँदा रु १० हजार मात्रै पारिश्रमिक लिने गरेको उहाँले बताउनुभयो। यत्तिले खर्च पुग्दैन। त्यसैले उहाँ एक महिनामा तीनवटा घरमा कपडा धुने गरेको बताउनुहुन्छ।

# श्रमिक दिवसले छोएन इँटाभट्टाका मजदुरलाई

**भक्तपुर** । चाँगुनारायण नगरपालिका-९ ताथलीको बिएम इँटाभट्टामा कार्यरत भकुण्डेबेँसीकी सानी नेपालीले दैनिक दुई हजारदेखि दुई हजार पाँच सय इँटा बोक्नुहुन्छ।

दुई वर्षीया छोरीलाई छ वर्षकी अर्की छोरीसँग राखेर हनुमान इँटा उद्योगमा कार्यरत दाङ घोराहीकी सीमा घर्ती इँटा बोकेर दैनिक एक हजार कमाई गर्नुहुन्छ। उहाँहरु दुवैजना आज पनि बिहानदेखि काममा व्यस्त हुनुहुन्थ्यो। उहाँहरुलाई श्रमिक दिवसका बारेमा कुनै जानकारी छैन।

चाँगुनारायण नगरपालिका-२ दुवाकोट सेती भैरव इँटाभट्टामा काम गर्ने दाङ घोराहीकै सानीकान्छी घर्ती पनि इँटाभट्टामै व्यस्त हुनुहुन्छ। उहाँले श्रमिक दिवसका बारेमा बुझ्ने फुर्सद नै नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "दिवसका चासो छैन, चिन्ता पनि छैन, इँटा बिग्रिएला, पैसा नपाइएला भन्ने चिन्ता मात्रै हुन्छ । पाँच महिना काम गरेर एक वर्षको परिवारको गर्जो टार्ने चिन्ता छ। इँटा बनाउने, सुकाउने, मिलाउने, बोक्नेलाई यस्ता दिवसले कहाँ छुन्छ र ? दिवस र बिदा त सरकारी जागिर खानेलाई मात्रै हो, हामी मजदुरलाई होइन।"

सिन्धुपाल्चोक माखाकी ४० वर्षीया रामकुमार परियार र पत्नी कृष्णा परियारलाई आज अन्तर्राष्ट्रिय श्रमिक दिवस भन्ने थाहा छैन। यस वर्षका लागि ठेक्का लिएको तीन लाख इँटा बनाई सकेर घर फर्किन हतारमा रहनुभएकी परियारलाई जतिसक्दो चाँडो ठेक्का लिएको



काम सकेर फर्कने हतारो मात्र रहेको बताउनुभयो।

त्यसो त सरकारले आज सार्वजनिक बिदा दिएको छ तर यी मजदुरहरुलाइ न बिदा छ, न दिवसको चासो। कृष्णाले भन्नुभयो, "खोई के दिवस हो थाहा छैन, हामीलाई बिदा पनि छैन, ठेक्का लिएको इँटा पूरा गर्ने चिन्ता छ।"

परियारलाई मात्रै हैन, भकुन्डेकी कल्पना बिकलाई पनि श्रमिक दिवस र बिदाबारे जानकारी छैन । तीन सन्तानकी आमा २६ वर्षीया बिकलाई चिन्ता छ त केवल साना तीन सन्तानको। "लोग्ने आधा दिन काम गरेर जाँड खाएर बस्नुहुन्छ", उहाँले भन्नुभयो, "दिउँसो पनि राति पनि हामीलाई गाह्रो, यी बच्चाबच्चीको चिन्ता छ, खै के गर्नु।"

इँटा बोकिरहनुभएकी १७ वर्षीया टुल्की बिकको काखमा एक वर्षकी छोरी छ। श्रीमान्सँगै इँटाभट्टामा काम गर्दै आउनुभएकी टुल्कीलाई यस वर्ष ठेक्का लिएको इँटा सबै सिध्याउने चटारो छ। "दिवसले के गर्छ, खान दिँदैन, लाउन दिँदैन, काम सकेर पैसा बोकेर घर जान हतारो छ हामीलाई, गाउँमा मकै छर्न ढिला भइसक्यो", सूर्यविनायक नगरपालिका-८ सिपाडोलको इँटाभट्टाकी मजदुर शर्मिला धामीले भन्नुभयो।

रामेछापबाट दुई छोरी, एक छोरा र श्रीमान्सँगै सिपाडोलको इँटाभट्टामा इँटा बोक्न आउनुभएकी २७ वर्षीया पवित्रा कार्कीलाई दिवसको पर्वाह छैन । "यसपालि रु एक लाखमा इँटा पार्ने ठेक्का लिएका छौँ," कार्कीले भन्नुभयो, "ठेक्का सकेर छिटो गाउँ फर्किन पाए हुन्थ्यो, अब पैसा लिएर घर जान हतारो छ, मकै छर्नु छ।"अन्तर्राष्ट्रिय श्रमिक दिवस विश्वभर आज भव्य रुपमा मनाइरहँदा भक्तपुरका इँटाभट्टाका श्रमिकलाई भने दिवसले छोएन । आज बिहानदेखि मध्याह्नसम्म इँटाभट्टामा काम गर्न व्यस्त यहाँका मजदुरहरु रोजीरोटीका लागि इँटा थन्क्याउन र बोक्न व्यस्त देखिन्थे।

भक्तपुरमा सञ्चालित ५८ वटा इँटाभट्टाका अधिकांश मजदुर आफ्नो काममा खटिएका छन्। इँटा व्यवसायी सङ्घ भक्तपुरका अध्यक्ष नातिभाइ ह्याम्बाले दिवस भनेर मजदुरलाई व्यवसायीले बिदा दिनु नपर्ने बताउनुभयो। सबै ठेक्कामा काम हुने भएकाले शुक्रबार आधा दिन र शनिबार बिदा हुने गरे पनि दिवसमा मजदुरले बिदा बस्ने नगरेको बताउनुभयो।

# मधेश प्रदेशमा खानेपानीको हाहाकार

टुडे समाचारदाता

जनकपुरधाम । अत्याधिक गर्मीसँगै विभिन्न पालिकाको अधिकांश ठाउँमा रहेका चापाकलबाट पानी आउन बन्द भएको छ। पानीको सतह कम हुँदै गएकाले तराईका जिल्लाहरुमा अहिले पानीको समस्या हुन थालेको स्थानीयहरु बताउँछन्।

धनुषा जिल्लाको कमला नदी बाहेक जलाद, जमुनी, औरही, रातो, भालु लगायतका नदी एक डेढ महिना अगाडिदेखि पानी सुकेको छ। यसैगरी सार्वजनिक पोखरी पनि सुकेको छ, माछा पालन गर्ने पोखरीको पानी सुक्न थालेपछि दिनरात मोटरको सहयोगले पानी भर्ने कार्य जारी रहेको जनकपुरधाम उप-महानगरपालिका-७ का स्थानीय बैद्यनाथ साहले बताए।



यसैगरी मिथिला नगरपालिका र क्षीरेश्वरनाथ नगरपालिकाका चापाकलबाट पानी आउन बन्द भएपछि विद्युतीय मोटरसमेत जलेको स्थानीयहरु बताउँछन्। उनीहरुले भने-'चार फिटको चापाकलमा जे जति पानी आए पनि त्यो भन्दा कम लेयर रहेको चापाकलबाट पानी आउन बन्द भएको छ। यसरी पानी आउन बन्द भए पनि जानकारी बिना बिद्युतीय मोटर चलाउँदा कति जनाको मोटर नै जलेको बताए।

कलैया उप-महानगरपालिका-२२ को भोड्हा, मटिअरिया, मदिलवा टोलमा पानीको सतह कम भएपछि त्यहाँका चापाकलमा अहिले प्रेशर बढी हुने गरेको छ। पहिलाको अपेक्षामा चार भागको एक भाग मात्र पानी आउने गरेको स्थानीय पुरोहित रामअयोध्या मिश्राले जानकारी दिए।

यसैगरी सोही पालिकाको कलैया टोल, भवानीपुर, ब्रहम्पुरी, औधापुर, उत्तरभिटकैया, मझौलिया, श्रीपुर, बकुलहर, कवलपुर, मनहर्वा, सखुई, बिजुलपुर, सिसवामहेशपुर, गंगापुर, भतौडा, कोईरिया टोला, सिसहनिया, पतौरा, पचायनपुर टोलमा चापाकलबाट पानी आउन कम भएपछि सहज रुपमा लुगाधुन तथा नुहाईधुवाई गर्न अहिले समस्या भएको स्थानीयहरु बताउँछन्।

यसैगरी बढ्दै गएको गर्मी र पानी नपरेको कारण चापाकल सुक्नुको साथै नदी, पोखरीको पानी सुकेकाले गाई, भैसीलाईसमेत पानी खान समस्या हुँदै आएको छ।

मौसमी बर्षा बाहेक अन्य समयमा अकाशे पानी नपर्दा यसरी पानीको मुहान सुक्नुको साथै चापाकल, नदी र तलावमा पानी कम हुनजान्छ, पानी परेपछि सुकेका सबै ठाउँमा फेरि पहिलाकै जस्तो पानी आउन सुरु हुने भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय पर्साका प्रमुख विकास ठाकुरले बताए।

जाडोयाममा पानीको सतह जमिन माथिसम्म रहेकाले चापाकल, इनार, पोखरी र नदी तलावमा प्रयाप्त मात्रामा पानी रहन्छ, गर्मीयाममा पानीको सतह जमिन मुनी जाने भएकाले सहज रुपमा पानी नभेटिने गरेको तथा मौसम परिर्वतनको कारण यस्तो हुने गरेको उनले बताए।

# 'सीमा सुरक्षामा सशस्त्रको योगदान अतुलनीय'

टुडे समाचारदाता

मलंगवा । सीमा क्षेत्रको सुरक्षामा सशस्त्र प्रहरीले निर्वाह गरिरहेको भूमिका अतुलनीय रहेको भन्दै बुधबार आयोजित एक कार्यक्रमका वक्ताहरुले सशस्त्र प्रहरीको प्रशंसा गरेका छन्।



सर्लाहीको कविलासी नगरपालिकास्थित अगर्बामा रहेको सशस्त्र प्रहरी बल, नेपाल नं. १० गण हेडक्वार्टरको १७ औँ स्थापना दिवसको अवसरमा आयोजित समारोहका वक्ताले सीमा सुरक्षार्थ परिचालित सशस्त्र प्रहरीले पुऱ्याइरहेको योगदानको मुक्तकण्ठले प्रशंसा गरेका छन्। कविलासी नगरपालिकाका प्रमुख ब्रह्मदेव रायले शान्ति सुरक्षा कायम गर्न सशस्त्र प्रहरीले पुऱ्याएको योगदान सराहनीय रहेको बताए।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले सीमा क्षेत्रमा सशस्त्र प्रहरी उभिएको देख्दा राष्ट्र नै त्यहाँ उभिएको भान हुने बताए। उनले नेपाल-भारत सीमा क्षेत्रबाट हुने चोरी, तस्करी नियन्त्रणसँगै सीमा सुरक्षा, विपद् व्यवस्थापन लगायतको सवालमा सशस्त्र प्रहरीले प्रभावकारी भूमिका निर्वाह गरिरहेको उल्लेख गरे।

जिल्ला समन्वय समिति सर्लाहीका सभापति कौशलकिशोर सिंहले सीमा क्षेत्रमा बसोवास गर्ने स्थानीयसँगको सम्वन्ध अझ प्रगाढ र सुमधुर बनाएर काम गर्न सशस्त्र प्रहरीलाई सुझाव दिए। उनले समाजसँगको सम्वन्ध थप प्रगाढ बनाउँदै लगे सशस्त्र प्रहरीको काम, कारवाही अझ प्रभावकारी बन्ने बताए। सिंहले नेपाल-भारत सीमा दशगजा अर्थात् 'नो म्यान्स ल्याण्ड' क्षेत्रमा पराल राख्ने, घर, टहरा बनाउनेलगायत अतिक्रमण भइरहेकाले सबै पक्षले समन्वय गरी त्यस क्षेत्र खाली गराउनुपर्नेमा जोड दिए। सशस्त्र प्रहरी बल, नेपाल नं. १० गण हेडक्वार्टरका गणपति एवं सशस्त्र प्रहरी उपरीक्षक विनोदराज खनालले दशगजा क्षेत्र अतिक्रमणमा पर्न नदिन र सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणका लागि अन्य सुरक्षा निकाय र भारतीय सीमा सुरक्षा बल (एसएसबी) सँग समन्वय गरी काम गरिरहेको जानकारी दिए।

सशस्त्र प्रहरी उपरीक्षक खनालले दशगजामा पहिले जस्तो समस्या नरहेको उल्लेख गर्दै सङ्गठनलाई प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न प्रतिवद्ध रहेको बताए। समारोहका प्रमुख अतिथि एवं सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिवासका बाहिनीपति तथा सशस्त्र प्रहरी नायब महानिरीक्षक (डिआइजी) दीपेन्द्र शाहले सीमित स्रोत साधनका बाबजुद सीमामा हुने अपराध नियन्त्रण र सीमा सुरक्षाका लागि सक्दो रुपमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) सँग समन्वय गरी काम गर्दै आइरहेको बताए। उनले सीमावर्ती क्षेत्रका वासिन्दासँग सुमधुर सम्वन्ध कायम गर्ने उद्देश्यले केही समयअघि सीमासँग जोडिएका मधेश प्रदेशका १४३ वटा वडाको वडाध्यक्षलाई बाहिनीमा बोलाएर अन्तर्क्रिया गरेको बताए। डिआइजी शाहले पछिल्लो समय लागूऔषधको ओसारपसार र सेवन चिन्ताको विषय बन्दै गएको सन्दर्भमा भारतीय समकक्षीसँग छलफल भएको र सो छलफलअनुसार युवालाई लागूऔषधको कुलतबाट रोक्न प्रयासरत् रहेको बताए।

समारोहमा स्थापना दिवसका अवसरमा आयोजित व्यावसायिक कौशल प्रतियोगितामा उत्कृष्ट हुने र उत्कृष्ट काम गर्ने सशस्त्र प्रहरी कर्मचारीलाई पुरस्कृत तथा सशस्त्र प्रहरीलाई सहयोग पुऱ्याउने विभिन्न व्यक्ति तथा तथा सङ्घ, संस्थालाई कदर-पत्र प्रदान गरी सम्मान गरिएको छ।

गणको स्थापना दिवसकै अवसरमा बुधबार नै गण परिसरमा बहुउद्देश्यीय भवनको शिलान्यास गरिएको गणपति एवं सशस्त्र प्रहरी उपरीक्षक विनोदराज खनालले जानकारी दिए।

# मजदुरको पक्षमा काँग्रेस रहेको निधिको भनाइ

टुडे समाचारदाता

जनकपुरधाम। नेपाली काँग्रेसका केन्द्रीय सदस्य विमलेन्द्र निधिले मजदूरहरुको हकहितमा श्रमिकका लागि सामाजिक सुरक्षा सम्बन्धी ऐन ल्याएको बताएका छन्।

जनकपुरधामा बुधबार आयोजित कोणसभामा बोल्दै पूर्व उपप्रधानमन्त्री निधिले नेपाली काँग्रेसका नेता स्वर्गीय गिरिजा प्रसाद कोईरालाले विरानगर जुट मिल्सबाट मजदूर आन्दोलनको शुरुवात गरेको स्मरण गरे।



१३५ औं मजदूर दिवसको अवसरमा नेपाल ट्रेड यूनियन काँग्रेस धनुषाले प्रभात फेरी तथा मजदूर सभामा बोल्दै उनले वर्तमान गठबन्धन सरकारले नेपाली जनता तथा देशको पक्षमा काम गर्न नसकेको आरोप लगाए। उनले गृहमन्त्री रवि लामिछानेमाथि सहकारी ठगी सम्बन्धी आरोपमा छानबिन गर्नका लागि संसदीय छानविन समिति गठन गर्नुपर्ने अडान यथावत नै रहेको बताए। उनले सरकारले अध्यादेश मार्फत बजेट ल्याउने चर्चा चलेको बताउँदै प्रतिनिधि सभा सञ्चालन गर्नका लागि प्रमुख प्रतिपक्षीको माग सम्बोधन गर्न नसक्नु सरकारको कमजोरी रहेको बताए।

पूर्वमन्त्री तथा प्रतिनिधि सभाका सदस्य रामकृष्ण यादवले मुलुकमा भएको राजनीतिक स्थिरताका कारण सत्ता गठबन्धनको हेरफेरले गर्दा स्वदेशमै रोजगारीको सृजना हुन नसकेको बताए।

नेपाल ट्रेड यूनियन काँग्रेस धनुषाका जिल्ला अध्यक्ष महावीर दासको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाली काँग्रेसका प्रदेश सभाका सदस्य रामसरोज यादव, काँग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियार, ट्रेड यूनियन काँग्रेसका प्रदेश अध्यक्ष विजय यादव, जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहलगायतकाहरुको सहभागिता रहेको थियो।

# बालबालिकालाई झोला र स्टेशनरी सामान वितरण

टुडे समाचारदाता

जलेश्वर । अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा महोत्तरी जिल्लाको मटिहानीको जरलहवा आगलागी बस्तीका बालबालिकाहरूलाई झोला तथा स्टेशनरी वितरण गरिएको छ। संयुक्त ट्रेड युनियन समन्वय समिति मधेश प्रदेश जनकपुरधामको आयोजना र श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेशको सहयोगमा बुधवार १३५ औ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा मटिहानी नगरपालिका वडा नं. ६ को जरलहवा बस्तीका बालबालिकाहरूको किताब, कापीहरू समेत जलेकोले बालबालिकाहरूलाई स्टेशनरी र झोला वितरण गरिएको मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले बताए।



मधेश प्रदेशको श्रम तथा यातायात मन्त्री बेची लुंगेली तथा मटिहानी नगरपालिकाका नगरप्रमुख मण्डलले संयुक्त रूपमा सो बस्तीका १०५ बालबालिकाहरूलाई झोला तथा स्टेशनरी वितरण गरे।

आगलागीका कारण विद्यार्थीहरूको कॉपी, किताबलगायतका अध्ययन गर्ने सामग्रीहरू जलेको समाचारहरू बाहिर आएपछि बालबालिकाहरूलाई पठनपाठनमा समस्या हुन नदिन नगरपालिकाको आग्रहमा बालबालिकालाई झोला र स्टेशनरी वितरण गरिएको मधेश प्रदेशका श्रम तथा यातायात मन्त्री बेची लुंगेलीले बताए। उनले विभिन्न सहयोगी हातहरूले आगलागी पीडितहरूलाई खाद्यान्न वितरण गरिरहेकोमा सबैलाई धन्यवाद दिदै दुःखको यस घडीमा मटिहानीका जरलहवावस्तीको साथमा मधेश सरकार रहेको बताउँदै मधेश सरकारबाट हुन सक्ने हरसम्भव सहयोग मिल्ने बताए।

मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले जरलहवा बस्तीका सम्पूर्ण परिवारहरूको गुजारा श्रम गरेर नै हुने गरेको बताउँदै अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा सो बस्तीका बालबालिकाहरूलाई मधेश सरकारले झोला र स्टेशनरी वितरण गरिएकोमा धन्यवाद दिए। उनले नगरपालिकाले अझै पनि सो बस्तीका पीडितहरूलाई समस्या हुन नदिन आफैं पुगेर गुनासो सुन्ने र समस्या समाधानको पहल गर्ने गरेको बताउँदै राहतको लागि आइरहेको सहयोगको लागि सबैलाई धन्यवाद दिए।

कार्यक्रममा मन्त्रालयका सचिव, मटिहानी नगरपालिकाका शिक्षा शाखा संयोजकलगायतका विभिन्न वडाध्यक्षहरूको उपस्थिति रहेको थियो। यसैबिच, जरलहवा बस्तीका आगलागी पीडितहरूलाई राहत सहयोग गर्नेहरू निरन्तर सहयोग गरिरहेका छन्। राहत सहयोग गर्ने क्रममा श्रमिक दिवसको दिन बुधवार जनकपुरधाममा रहेको मोनाष्टिक आवासीय माध्यमिक विद्यालयले पनि राहत वितरण गरेको छ। मोनाष्टिक विद्यालयले मटिहानी नगरपालिका वडा नं. ६ स्थित जरलहवा गाछी बस्तीमा आगलागीले क्षतिग्रस्त १०३ घरपरिवार पीडितहरूलाई टिनको पेटी वेड सिट, दालबुटको पैकट, नुहाउने र कपडा धुने साबुन वितरण गरेको छ।

विद्यालयका संस्थापक वीणा देवी, प्रिन्सिपल डा. सोनु कुमार, जनकपुरधामका पूर्व नगरप्रमुख लालकिशोर साह लगायतकाहरुले घटनास्थल पुगेर आगलागी पीडितहरूलाई राहत वितरण गरेका थिए।

## महादेवाका अग्निपीडितको बिजोग

# कतै रुख मुनी त कतै खेतमा पाल टांगेर बास



टुडे समाचारदाता

राजविराज । सप्तरीको महादेवा गाउँपालिका १ चिम्टीका अग्निपीडितको बिजोग भएको छ। अघिल्लो दिन मंगलबार दिउँसो भएको भीषण आगलागिले सर्वस्व गुमाएपछि उनीहरुको बिजोग भएको छ।

आगलागिमा चिम्टीको मसुहरी र यादव बस्ती खरानी भएको छ। आगलागी बुधबार बिहान १० बजे मात्र पूर्ण नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले बताए।

मंगलबार दिउँसो ३ बजेतिर लागेको आगो तीन वटा बारुणयन्त्र, स्थानीयवासी, प्रहरी र सेनाको मद्दतले बुधबार बिहान १० बजेमात्र पूर्ण रुपमा निभाउन सकिएको उनले बताए।

"प्रारम्भिक चरणमा ४६ घरधुरीको सय भन्दा बढी घर जलेर नष्ट भएको विवरण संकलन गर्न भ्याएका छौं, उनले भने, "यद्यपि क्षतिको विवरण संकलन गर्ने कार्य अझै जारी नै रहेकोले यकिन विवरण उपलब्ध गराउन केही समय लाग्छ।"

यता प्रचण्ड गर्मी र घामका बीच अग्निपीडितहरु कोही छाता ओढेर खुल्ला चौरमा, कोही रुख मुनी त कोही खेतमै पाल टांगेर बसिरहेका छन्। जसमध्ये बृद्धबृद्धा, बालबालिका र महिलाको अवस्था दयनीय छ। अधिकांश अग्निपीडितको जीउमा लगाएको लुगा बाहेक केही बचेको छैन्।

मंगलबार राति आफूले उपलब्ध गराएको चाउचाउ, च्युरा, मुरही र बिस्कुटको भरमा रात गुजारेका अग्निपीडितका लागि बुधबार बिहान खानाको व्यवस्था स्थानीय समाजसेवी तथा केही संघसंस्थाले मिलाइदिएको वडा अध्यक्ष जयकिशोर दासले जानकारी दिए।

उनले अग्निपीडितको बिचल्ली भएको भन्दै बस्ती पुर्ननिर्माणका लागि सरकार तथा सरोकारवाला निकायको सहयोग आवश्यक रहेको बताए।

## जनप्रतिनिधि र कर्मचारीले एक दिनको तलब अग्निपीडितलाई दिने



टुडे समाचारदाता

राजविराज । सप्तरीको महादेवागाउँपालिका-१चिम्टीका अग्नि पीडितलाई राहतको लागि छिन्नमस्ता गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुले एक दिनको तलब भता दिने घोषणा गरेको छ।

गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले अग्नि पीडितहरूलाई विपत्तिको समयमा समस्यासँग लड्न छिन्नमस्ता गाउँपालिकाका सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिले एक दिनको तलब-भत्ता दिने घोषणा गरेको सञ्चारकर्मीलाई जनाकारी दिए। "यस विपत्तिमा सबै एक जुट भएर लाग्न समेत आग्रह गर्दै सबै जनाले सक्दो सहयोग गरौं," उनले भने-"सप्तरीका सम्पूर्ण स्थानीय सरकार प्रमुखुहरुलाई समेत सहयोग गर्न आग्रह समेत गरेको छ।"

छिन्नमस्ता गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत उज्जवल आनन्दले पालिकामा ३ सय जना कर्मचारी रहेकोले प्रक्रिया थालेर छिटै पीडितहरुलाई चेक हस्तान्तरण गर्ने बताए। मंगलबार दिउँसो त्यहाँ भएको भीषण आगलागीबाट ४६ परिवारका २ सय ८० जना घर विहीन भएको सप्तरी प्रहरीको प्रारम्भिक तथ्यांकमा उल्लेख छ।

यता अग्निपीडितलाई सहयोग जुट्ने क्रम पनि सुरु भएको छ। बुधबार दिउँसो जसपा अध्यक्ष उपेन्द्र यादवकी श्रीमती पार्वती यादवको नेतृत्वमा जसपाका प्रदेश तथा स्थानीय नेताहरुसहित पुगेको टोलीले अग्निपीडित प्रत्येक परिवारलाई दुई/दुई थान छाता, ४० किलो चामल, १० किलो तरकारी र दुई/दुई कार्टुन पानी उपलब्ध गराएको छ। उक्त टोलीमा जसपा मधेश प्रदेश समितिका मुख्य सचिव दिनेश कुमार यादव, जिल्ला अध्यक्ष केदार यादव, राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परबिन, पूर्वउप सभामुख उपमा देव, युवा नेता लक्ष्मण यादव, अरुण यादव, दिनेश साह, चन्द्रशेखर चौधरी, नारायण प्रसाद यादव, महिला नेतृ रमिला साह, पुनम यादव, सावित्री पण्डित, आशा साह लगायत सहभागी थिए।

यसैबीच नेपाली काँग्रेसका सचिव सनत मंडल, एकल महिला आत्मनिर्भर तथा पुनर्स्थापना केन्द्र सप्तरीकी प्रमुख जुही ठाकुरले एक प्रेस विज्ञप्तिमार्फत पीडितलाई तत्काल राहत उपलब्ध गराउन सहयोगका लागि विभिन्न निकाय र सर्वसाधारणलाई आह्वान गरेका छन्।

स्थानीय शत्रुधन यादवको गाईगोठमा राखेको परालको थुप्रोबाट मंगलबार दिउँसो सल्किएको आगो समयमा नियन्त्रण हुन नसक्दा ६४ परिवारको १ सय १४ घर खरानी भएको थियो।

# मुख्यमन्त्री यादव आज सप्तरी जाने

टुडे समाचारदाता

जनकपुरधाम । मुख्यमन्त्री सरोजकुमार यादव बिहीबार सप्तरी जाने भएका छन्। मंगलबार सप्तरी महादेवा गाउँपालिकामा भएको आगलागीमा सय भन्दा बढी घर जलेर नष्ट भएको अग्नि पीडितहरु संग भेट्न उनी बिहीबार सप्तरी जाने भएका छन्।



महोत्तरीको मटिहानीमा भएको आगलागीको पीडितलाई प्रदेश सरकार राहत दिने घोषणा गरेका थिए। त्यस्तै महादेवाका अग्नि पीडितलाई पनि राहत घोषणा गर्ने मुख्यमन्त्री कार्यालय स्रोतले जनाएको छ।


**Sanskar Public School**

Janakpur-13, Kaward Hall Road

**Vaccancy Anouncement**

| Post | Subject | Qualification |
|---|---|---|
| Teacher | Nepali | Bechelor in Nepali |
| Teacher | Computer | Bechelor in Computer |
| Teacher | English | Bechelor in English |
| Teacher | Social | Bechelor in Social |

Gmail:- mky09297@gmail.com


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८